दर्ता नं. १४९/०५७/०५८

पान नं. ३०३३६२८३४

मुना

मुनाको प्रतिबद्धता
वित्तीय आत्मनिर्भरता

# बचत तथा ऋण सहकारी संस्था लि.

# MUNA Saving and Credit Co-operative Ltd.

## ५ औं वार्षिक साधारण सभामा

प्रस्तुत प्रतिवेदन

२०८१ कार्तिक २४ गते

## संस्थाको कार्यक्षेत्र

गैंडाकोट-४, नवलपरासी, (ब.सु.पूर्व)
फोन नं. ०७८-५०१३७६, सेवा केन्द्र ५०२३८४
Email.munasaccos2076@gmail.com

# वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू:

मिलनराज घिमिरे
अध्यक्ष

सिता चापागाई
उपाध्यक्ष

शान्ता पाण्डे
सचिव

अमृतकान्त पण्डित
कोषाध्यक्ष

एकदेव घिमिरे
सह-सचिव


शक्ति प्रसाद नेपाल
सह-कोषाध्यक्ष

रविन्द्रराज घिमिरे
सदस्य

सगिता घिमिरे
सदस्य

मेनुका घिमिरे
सदस्य

गिता तिवारी
सदस्य

हरि प्रसाद गौतम
सदस्य

नारायण घिमिरे
सदस्य

सूर्य बहादुर.खत्री क्षेत्री
सदस्य

देवी प्रसाद न्यौपाने
सदस्य

कल्पना न्यौपाने
सदस्य

## लेखा तथा सुपरिवेक्षण समिति

कपिल घिमिरे
संयोजक


भूमिका तिमिल्सिना
सदस्य

अशोक तिवारी
सदस्य

# राष्ट्रिय गान



सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेचि महाकाली।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल।

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।

**सहकारी सिद्धान्तहरु**

**स्वेच्छिक तथा खुल्ला सदस्य** (Voluntary & Open Membership)

**सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण** (Democratic Member Control)

**सदस्यहरुको आर्थिक सहभागिता** (Member's Economic participation)

**स्वायत्तता तथा स्वतन्त्रता** (Autonomy & independence)

**शिक्षा, तालिम तथा सूचना** (Education, Training & Information)

सहकारीहरुबीच सहकारिता (Co-operation among co-operatives)

**समुदायप्रतिको चासो** (Concern for Community)

**बचत तथा ऋण सहकारी सञ्चालनका १० सिद्धान्तहरु**

| क) सहकारी संरचना | ख) सदस्यलाई सेवा | ग) सामाजिक उत्तरदायित्व |
|---|---|---|
| १) सदस्यको स्वामित्व | १) वित्तिय समावेशीकरण | १) वित्तिय साक्षरता |
| २) सदस्यद्धारा नियन्त्रण | २) वित्तिय दिगोपना स्थायित्व | २) सञ्जाल सहकार्य |
| ३) प्रजातान्त्रिक नियन्त्रण | ३) सदस्यहरुको आर्थिक लाभमा वृद्धि | ३) सामाजिक उत्तरदायित्व |
| | | ४) विश्वव्यापी परिकल्पना |

**आवद्धता**

- **जिल्ला बचत तथा ऋण सहकारी संघ**
- **जिल्ला सहकारी संघ**
- **नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)**
- **राष्ट्रिय सहकारी बैंक**

दर्ता नं. १४९/०५७/०५८ पान नं. ३०३३६२८३४

मुना
मुनाको प्रतिबद्धता वित्तीय आत्मनिर्भरता

बचत तथा ऋण सहकारी संस्था लि.
MUNA Saving and Credit Co-operative Ltd.

गैंडाकोट-४, नवलपरासी, (ब.सु.पूर्व) फोन नं. ०७८-५०१३७६, सेवा केन्द्र ५०२३८४
Email.munasaccos2076@gmail.com

च. नं.: ४५/०८१/०८२ मिती :२०८१/०६/२२

श्री............................................... ज्यू,

शेयर सदस्य नं. ......, गैंडाकोट ...............नवलपुर ।

**विषय :उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मुना बचत तथा ऋण सहकारी संस्था लि.को मिति:२०८१/०५/१५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपशिलको मिति ,समय र स्थानमा देहायका प्रस्ताव उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

**मिति : २०८१ कार्तिक २४ गते (शनिबार)**

**समय : बिहान ठिक १०:३० बजे देखि ४:00 बजे सम्म**

**स्थान : जयश्री सामुदायिक वनको सभाहल**

**प्रस्तावहरू:**

- आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व.२०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम सम्वन्धमा ।
- आ.व. २०८०/०८१ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आ.व. २०८१/०८२ का लागी प्रस्तावित लक्ष्य तथा वजेट सम्वन्धमा ।
- आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्वन्धमा ।
- आ.व.२०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा ।
- आ.व. २०८१/०८२ को लागी लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा ।
- संस्था एकिकरण तथा कार्यदल गठन सम्बन्धमा ।
- सञ्चालक समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।
- आन्तरिक कार्यविधी,नीतिहरु संशोधन तथा पारित सम्बन्धमा ।
- विनियम संशोधन सम्बन्धमा ।
- साधारण सभाको निर्णय प्रमाणिकरणका लागि प्रतिनिधि छनौंट सम्वन्धमा ।
- विविध ।

शान्ता पाण्डे
सचिव

# अबको बाटो

मिलनराज घिमिरे
अध्यक्ष

मुना बचत तथा ऋण सहकारी संस्था लि.को गरिमामय नवौं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यूहरु,अतिथिगणहरु स्थानीय जनप्रतिनिधिज्युहरु,विभिन्न संघ संस्थाका अध्यक्ष तथा संस्थाका प्रतिनिधि महानुभावहरु,सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारी तथा सदस्य मित्रहरु,सल्लाहकारज्यूहरु,उप–समिति एवम् कार्यदलका संयोजक तथा सदस्य साथीहरु, शेयर सदस्यज्यूहरु,पत्रकार, कर्मचारी तथा शुभेच्छुक महानुभावहरु, यस गौरवपूर्ण क्षणमा अति व्यस्तताका बावजुत पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने तपाई सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु।

"प्रत्येक व्यक्ति सबैका लागि र सबै व्यक्ति एकका लागि" भन्ने सहकारी स्थापनाको मुल मर्म अनुरुप हुने खानेको पैसा हुदा खादामा पुऱ्याई हुदा खानेलाई हुने खाने बनाउने उद्देश्य बोकी २०५७ सालमा स्थापना गरिएको यस साकोस निरन्तर गरिवि विरुद्धको लडाईमा अगाडी बढिरहेको छ । गरिबी विरुद्धको लडाई एकैछिनमा सकिने पनि होईन यसका लागि त सोचमा परिर्वतन गर्नु पर्दछ ,आशा छ यहाँहरुको माया सद्भाव सदाफै रहिरहने छ। यो अवधिमा हामीले हाम्रा सदस्यहरुलाई वित्तिय रुपमा साक्षर बनाई पारिवारिक व्यवस्थापन र बचत गर्ने बानीलाई वृहत्तर वृद्धि ल्याउने योजना गरी सहकारी क्षेत्रका असल अभ्यासलाई निरन्तर आत्मसाथ गरि अगाडी बढिरहेका छौं । मुकुन्दसेन तथा नारी कल्याण बचत तथा ऋण सहकारी सस्था विच २०७३/०८/२५ गतको दिन एकिकरण गर्दै सवल र सक्षम संस्था निर्माण गर्न,पूँजीगत भौतिक तथा मानवीय संसाधनमा आत्म निर्भर रहन,संस्थागत दिगो विकास गर्न अझ प्रभावकारी गुणात्मक सदस्यमुखी समुदाय लक्षित नीति र विधि बाट निर्देशित उच्च गुणस्तरीय प्रविधीको माध्यमबाट अधिकत्तम सेवा प्रवाह गर्ने उद्देश्य र लक्ष्यका साथ निरन्तर अगाडी बढ्दै विभिन्न आरोह अवरोह पार गर्दै आज नवौं सधारण सभाको विचमा हामी आई पुगेका छौं । समयानुकुल सदस्यहरुको माग र चाहाना अनुरुपका मोवाईल बैकिङ्ग ,एस.एम.एस. बैकिङ्ग, क्यु.आर.कोड ,

ई–टेलर,ट्याब्लेट बैकिङ्ग,रेमिट सेवा जस्ता प्रविधिको प्रयोग गर्दै थप नयाँ नीति तथा कार्यविधि तर्जुमा गरि कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

हामी सदस्यहरुको मनोभावनालाई यथोचित सम्बोधन गर्ने किसिमका सेवा सुविधाहरु मार्फत् सदस्यहरुको सन्तुष्टि पुरा गर्न सकिन्छ भन्ने उत्कृष्ट चाहाना ,अभिलाषा बोकेर सहकारी सिद्धान्त अनुरुप अगाडी बढिरहेका छौं । संस्थागत विकासमा खट्ने जुट्ने सबै तथा साधारण सभा सफल रुपमा सम्पन्न गराउन सहयोग पुऱ्याउने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु । सदस्यहरुले संस्था प्रति देखाउनुभएको अटुट विश्वास र सद्भाव उल्लेखनिय रहेको छ जसले हामिलाई कठिन भन्दा कठिन परिस्थितमा पनि अझ मजबुत जिम्मेवारी बोधका साथ संस्थाको विकासमा कडा परिश्रम गर्ने आट हिम्मत साथै प्रेरणा मिलेको छ । स्थापना कालका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यज्यूहरु, संस्थाका पूर्व अध्यक्षज्यूहरु साथै सल्लाहकारज्यूहरुको संस्था प्रतिको अपारपूर्ण माया, उचित सहयोग, राय, सल्लाह तथा सुझावहरुको आत्मसाथ गर्दै संस्था नीति, विधि र प्रविधिमा आधारित संस्थाको रुपमा स्थापित गराउदै झन एक कदम अगाडी बढाउन सकेकोमा हामी अझै बढि गौंरवान्वित छौं ।

रसिया तथा युक्रेन बिचको भारी युद्ध तथा मध्य पूर्वी एशियाका मुलुकहरुमा बढेको द्धन्दका, कारण विश्व अर्थतन्त्रमा नै नकारात्मक प्रभावका लक्षणहरु देखिएको अवस्था लगायत देशमा शुरु भएको आर्थिक मन्दी एवं वृद्धि महंगाइबाट समुदाय तथा सदस्यहरुले गर्ने कारोवारमा आएको भारी गिरावटले राष्ट्रिय तथा स्थानिय रुपमा वित्तीय कारोवार गर्ने संस्थाहरु पनि यसको प्रभाववाट प्रभावित हुनु स्वभाविक कुरा हो जस्तो लाग्छ , यो वर्ष पनि वित्तीय तथा बैंकिङ्ग कारोवारको हिसावले त्यती सहज नभएको आर्थिक वर्ष रहदै गर्दा ऋण लगानी र असुलिमा पनि प्रभाव परेको देखिन्छ संस्थामा निक्षेप संकलन उल्लेख्य रुपमा वृद्धि भई पर्याप्त तरलता रहन गई लगानीमा कठिनाई रहेको यस्तो प्रतिकुल अवस्थामा समेत कर्मचारीहरुले आर्थिक कारोवार सुरक्षा सतर्कता अपनाउदै दैनिक आम सदस्यहरुलाई अधिकत्तम सेवा दिई संस्थागत लक्ष्य प्राप्तीमा निरन्तर लागि परेको देखिन्छ । महंगाइ,समुदाय तथा सदस्यहरुको आर्थिक कारोवारमा देखिएको गिरावट र यसले पारेको प्रभाव तथा त्यस बाट सृजीत असहज परिस्थितिका कारण ऋण लगानी तथा असुलीमा पनि सरल अवस्था नहुदा समेत अघिल्ला आ.व.को भन्दा ऋण लगानी, असुली, बचत तथा समग्र संस्थाको प्रतिफल तुलनात्मक रुपमा सफल भएको देखिन्छ जस्तो मलाई विश्वास लाग्छ ।

संस्थाले प्राप्त गरेका उपलव्धीहरुलाई कायम राख्दै आगामी वर्षहरुमा त्यसलाई अझ उचाईमा

पुऱ्याउन संस्थाको नीति विधिहरुको निर्माण तथा परिमार्जन गर्दै समुदाय लक्षित, नारी सीप, विधार्थी तथा यूवा लक्षित विभिन्न कार्यक्रम तर्जुमागरी अझ व्यवस्थित तरिकाले निरन्तर अगाडी बढ्ने प्रयास निरन्तर रहिरहनेछ भन्नेमा म विश्वस्त छु । संस्थाले लिएको लक्ष्य प्राप्तीको लागि दक्ष मानविय स्रोतको विकास र संस्थामा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता विकास साथै सदस्यमुखी व्यवहारको प्रशिक्षणको व्यवस्था मिलाईएको छ । मलाई विश्वास छ आउने वर्षहरुमा हामीले अनुमान गरिएभन्दा तिव्र गतिमा संस्थागत लक्ष्य प्राप्तीको बाटोमा अगाडी बढ्दै जानेछ । जसको आधारहरु तयार भएका छन विहानीलाई हेरेर दिन कस्तो हुन्छ भनी अनुमान गरे जस्तै वर्तमानमा संस्थाको अवस्था हेरेर संस्थाको भविष्यको बारेमा सहजै अनुमान गर्न सकिन्छ ।सबैलाई समेटेर ''म ,मेरो अनी हामी सबैको'' अवधारणाले सबैको अपनत्व हुने गरी अगाडी बढ्ने छ। संस्थाको लक्ष्य प्राप्ती र विकासमा सबैको महत्वपूर्ण भुमिका रहेको छ र आउने दिनहरुमा पनि सहयोगको पूर्ण अपेक्षा गर्दछु ।

यस मुना बचत तथा ऋण सहकारी संस्थाले आफ्ना हरेक क्रियाकलापलाई चुस्त दुरुस्त गराउदै अझ मजवुत तथा अब्बल सहकारीको रुपमा स्थापित गर्नका लागी जुन परिकल्पनाका साथ अगाडी बढीरहेको छ त्यसलाई सार्थकता प्रदानका लागी शेयर सदस्यहरुको ठुलो योगदान हुनेहुदा सम्पूर्ण सदस्यहरुले समयमा नै बचत गर्ने,ऋणको साँवा व्याज समयमा नै भुक्तान गर्ने,संस्थाका नीति नियम तर्जुमा मा आफ्नो सहभागिता बढाउने, संस्थाका हरेक क्रियाकलापमा आफ्नो उपस्थिति जनाउने,संस्थाले सुधार गर्नुपर्ने भएमा आफ्नो सल्लाह सुझाव भए तुरुन्तै दिने,संस्थाका राम्रा पक्षवारे समुदाय लगायत आफ्ना सदस्यहरुलाई जानकारी गराउने,एक जानकार शेयर सदस्यको रुपमा आफुलाई सदैव परिचित गर्दै अपडेट हुदै जाने, संस्थाका नीति नियम पूर्णरुपमा पालना गर्ने साथै ''मुना हाम्रो साझा घर हो'', ''सुखमा पनि मुना दुःखमा पनि मुना'',भनि सधै यो संस्थालाई सदैव एउटा सारथीको रुपमा अङ्गीकार गर्न अनुरोध गर्दै यस संस्थालाई आफ्नो पहिलो रोजाईको रुपमा लिनुहुनेछ भन्ने कामनाका साथ हजुरहरुको रोजाईलाई सार्थकता दिलाउनका लागी नेतृत्व पङ्ती हरपल हरक्षण तपाईको सेवामा सदैव समर्पित हुनेछ भनि विश्वास दिलाउन चाहान्छु ।

संस्थाले अवलम्वन गरेको व्यवसायिक रणनीतिक योजनालाई पूर्णरुपमा कार्यान्वयन गर्नतर्फ अग्रसर रहिरहेको अवस्थामा राष्ट्रिय आन्तरिक एव्म बाह्य विवध कारण साथै सदस्यहरुको बचत तथा ऋण कारोवारमा आएको व्यापक गिरावटको यो विषमतालाई नयाँ अध्याय एवम् सिकाइको प्रतिविम्वको रुपमा लिदै हासिल उपलब्धीलाई थप व्यवस्थित गर्दै लैजाने तर्फ सम्पूर्ण आदरणीय शेयर सदस्य सरोकारवाला सबैको सक्रिय सहयोग र सहभागितामा लागिरहन

सम्पूर्णमा अनुरोध गर्दछौं । समुन्नत समाजका लागि व्यवसायिकता तथा आत्मनिर्भरता सहितको उत्कृष्ट सेवा प्रदान गर्न सक्षम, सबैको सधैको रोजाईको संस्थाको रुपमा अगाडी बढाउने हाम्रो प्रयत्न निरन्तर हिजो पनि थियो आज पनि छ र भोली पनि रहि रहने छ भनि सबै शेयर सदस्य महानुभावहरुमा विश्वास दिलाउन चाहान्छु ।

अन्तमा, सदा झै संस्थाको समग्र विकासमा हातेमालो गर्दै नीति,विधि र प्रविधी मैत्री, सुशासनयुक्त संस्था को रुपमा सञ्चालन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग र रचनात्मक पृष्ठपोषण प्राप्तहुने अपेक्षा राख्दै सम्पूर्ण सञ्चालक समितिका साथीहरु, लेखासमिति, सल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका साथीहरु, शेयर सदस्यहरु, सामाजिक व्यक्तित्वहरु,विभिन्न सहयोगी संघ संस्थाहरु यस संस्थामा निरन्तर खटिने कार्यालय प्रमुख तथा कर्मचारी मित्रहरु प्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

जय सहकारी ।

# स्वागत मन्तब्य

सिता चापागाई
उपाध्यक्ष

यस मुना बचत तथा ऋण सहकारी संस्था लि. को ९ औं वार्षिक साधारण सभाको सभाध्यक्ष एवम् संस्थाका अध्यक्ष श्री मिलनराज घिमिरेज्यू ,गरिमामय यस समारोहका प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अतिथि महानुभावहरु, संस्थापक ज्यूहरु ,पूर्व अध्यक्षज्यूहरु,सञ्चालक तथा लेखा समितिका पदाधिकारी एवम् सदस्यहरु, उप–समिति तथा कर्मचारी वर्ग, पत्रकार मित्रहरु, शुभेच्छुक महानुभावहरु र संस्थाका आदरणीय सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा सहकारी अभिवादन अर्पण गर्दछु ।

सर्वप्रथम त आजको मितिसम्म आइपुग्दा हाल सम्म दिवंगत हुनुभएका स्वर्गिय शेयर सदस्यहरु प्रति श्रद्धा सुमन अर्पण गर्दै स्मरण गर्न चाहान्छु । त्यसैगरी संस्थाको निमन्त्रणालाई स्वीकार गरी यस वार्षिक साधारण सभाको गरिमा उच्च बनाउनको लागी आफ्ना महत्वपूर्ण कामलाई थाती राखेर पाल्नुहुने आजका प्रमुख अतिथिज्यू , विशिष्ट अतिथि ज्यू , अतिथिज्यूहरु, र सम्पूर्ण उपस्थित व्यक्तित्वहरुमा यस संस्थाको उपाध्यक्षको हैसियतले समग्र संस्थाको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

“सबैका लागी सहकारी, सहकारीका लागि सबै”भन्ने मान्यताका आधारमा स्थापित यो संस्था सहकारी सिद्धान्त,मुल्य एवम् मान्यताहरुलाई आत्मसाथ गर्दै नवौं वर्ष पुरा गरेको छ । संस्थाले गरेको यो प्रगति सम्पूर्ण सदस्यहरुको संस्थाप्रतिको विश्वास, सहभागिता लगनशिलता र प्रतिवद्धताको उपलब्धी हो । यहाँहरु सबैको सक्रिय योगदानले गर्दा नै आजको अवस्था सम्म आईपुग्न सम्भव भएको हो । स्थापना काल देखी हाल सम्मका सञ्चालक समिति,अन्य समिति,विभिन्न उप-समितिहरुको क्रियाशिलता साथै कर्मचारीहरुको लगनशिलता र अथक प्रयासका कारण अनेकौं आरोह अवरोहहरु पार गर्दै यस संस्थाले विभिन्न सहकारी संस्थाहरुको विचमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ । हामी सञ्चालक तथा कर्मचारीहरु पनि यो संस्थालाई सबैको रोजाईको संस्था बनाउने उद्देश्यका साथ लागि परीरहेका छौं । यसरी नै सबै शेयर सदस्य महानुभावहरु पनि निरन्तर रुपमा यस संस्थाका नीति,नियम तथा कार्यविधि र योजनाहरुलाई पालना गर्दै वित्तिय कारोवार गर्दै संस्थाको दिगो विकासमा सहयोग पुर्‍याउनु हुनेछ र आफु पनि आत्मनिर्भर बन्नुहुनेछ भन्ने विश्वास पनि व्यक्त गर्दछु । अन्त्यमा यस संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सर सल्लाह, सुझाव र सहयोग पुर्‍याउनुहुने संघ, संस्थाहरु तथा शेयर सदस्य महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । संस्थाको परिकल्पना बोकेर यहाँ सम्म ल्याई पुर्‍याउनु हुने सञ्चालक समितिका सहकर्मीज्यूहरु, उप–समिति तथा कर्मचारी वर्ग, तपाई सबैलाई धन्यवाद दिदै पुन : सम्पूर्णलाई स्वागत गर्न चाहान्छु ।

हवस्त धन्यवाद । जय सहकारी,॥ जय मुना ॥

# सचिवको प्रतिवेदन

शान्ता पाण्डे
सचिव

यस मुना बचत तथा ऋण सहकारी संस्था लि.को गरिमामय नवौं साधारण सभाका आदरणीय अध्यक्षज्यू,श्रद्धेय प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यूहरु, संस्था स्थापना कालका पदाधिकारीज्यूहरु, सल्लाहकारहरु,सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा तथा सुपरिवेक्षण समिति,विभिन्न उप-समितिका साथीहरु, सेवा केन्द्र व्यवस्थापन उप-समितिका साथीहरु, सम्पूर्ण शेयर सदस्यज्यूहरु, पत्रकारज्यूहरु कर्मचारी वर्ग र शुभचिन्तक महानुभावहरु सम्पूर्णमा म यस संस्थाको सचिवको तर्फबाट हार्दिक कृतज्ञताको साथ सहकारी अभिवादन प्रकट गर्दछु ।

समाजमा व्याप्त गरिबी अशिक्षा र कुलतबाट समुदायलाई मुक्त गरी सदस्यहरुलाई आफुले आर्जन गरेको आम्दानीबाट नियमित रुपले बचत गर्ने बानीको विकास गरी संकलित भएको बचत रकमलाई आफैमा प्रयोग गरी आय आर्जन वृद्धि गराई सदस्यहरुको आर्थिक,सामाजिक तथा सास्कृतिक विकासमा सकारात्मक परिवर्तन गरी आत्मनिर्भर गराउने उद्देश्यका साथ शुरु भएको मुना साकोस अझ मजवुत र सवल भएको हामीले आभास गरेका छौं ।

मिति २०७३/०८/२५ गते २०५७ सालमा स्थापित दुई साकोस मुकुन्दसेन र नारीकल्याण समुदाय तथा सदस्यहरुको वृहत्तर हितका लागि अझ मजवुत , गुणस्तरीय सेवा सरल र सहज ढङ्गबाट प्रदान गर्ने उद्देश्य लिई एकीकरण गरिएको थियो र सोही एकीकरणको उद्देश्य र मर्मअनुसार संस्था निरन्तर अगाडी बढिरहेको छ । सहकारी ऐन नियमावली, प्रदेश सहकारी ऐन र नियमावली वमोजिम यस संस्थाको विनियम संशोधन साथै संस्था सञ्चालनका कार्यविधीहरु तथा नीतिहरु संशोधन तथा पुनर्लेखन गरी चुस्त दुरुस्त पार्दै संस्थागत लक्ष्य प्राप्तीको बाटोमा तिव्रताका साथ अगाडि बढ्न मार्गप्रशस्त गरिएको छ । जस्तो परिस्थितीमा पनि संस्थावाट सदस्यहरुलाई सेवा प्रदान गर्दै लक्ष्य प्राप्तीमा निरन्तर अहोरात्र अटुट मेहनतका साथ लागी परेका उत्प्रेरित र उत्साहित प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारी वर्ग, संस्था स्थापना कालका पदाधिकारीज्यूहरु, सल्लाहकारहरु, प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट

गर्दछु । यस मुना बचत तथा ऋण सहकारी संस्था “सहकार्य संगसगै समृद्धि” भन्ने उद्देश्यका साथ अगाडी बढिरहेको हुदा संस्थागत विकासमा शेयर सदस्यहरुको यस साकोस प्रति रहेको माया र विश्वास देख्दा हामीलाई अझ उत्प्रेरणा मिलेको छ । सदस्यहरुको एकरुपता र संस्था विकासका लागि संस्थाले समय समयमा  लिएको नीति एवं नियमलाई सधैं सदस्यहरुले साथ दिईरहेको कारण आज संस्थाले धेरै फड्को मारेको छ । यो गतिलाई निरन्तरता दिनुहुने छ भन्ने आशा एवम् भरोसा गर्दछौ । आगामी दिनहरुमा पनि  यस संस्थाले सदस्यहरुको वित्तिय तथा अन्य सेवा र सुविधा सदस्यहरुलाई उत्कृष्ट रुपमा सहजै उपलब्ध गराउने छ भन्ने कुरामा विश्वास गराउन चाहान्छु ।

**मुना बचत तथा ऋण सहकारी संस्थाले तयार पारेको पञ्चवर्षीय व्यवसायिक योजना (२०७७/०७८ –२०८१/०८२) मा निर्धारण गरेका संस्थाको परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्हरु यस प्रकार रहेका छन ।**

## परिकल्पना (Vision)

“सम्पूर्ण वित्तीय आवश्यकता पुरा गर्ने एक उत्कृष्ट दिगो सहकारी संस्था ।”

## ध्येय (Mission)

- सर्वसुलभ,गुणस्तरीय वित्तिय सेवा,
- सदस्य हितका लागि गैर वित्तिय सेवा,
- प्रतिस्पर्धी,सुशासन र प्रविधियुक्त सेवा,
- स्रोतहरुको उचित व्यवस्थापन द्धारा संस्थागत विकास,
- सामाजिक तथा आर्थिक रुपान्तरणको लागि क्रियाशिल ।

## मूल्य–मान्यताहरु (Core Values)

- इमान्दारिता
- सुशासन
- पारदर्शिता
- जिम्मेवार तथा जवाफदेहिता
- पक्षपात रहित
- गोपनियता
- समावेशी तथा पूर्ण प्रजातान्त्रिक
- समयको पालना
- समयमा सुचना
- सामुहिक कार्य

- उचित सुझावको ग्रहण

**लक्ष्यः**

- संस्थालाई वित्तीय रुपमा सक्षम बनाई समुदाय र सदस्यको सुरक्षित दिगो आर्थिक विकास गर्ने ।
- सदस्यहरुलाई आधुनिक प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्ने ।
- स्थानीय स्रोत र साधनको अधिकत्तम प्रयोग गरी उद्यमशीलता एवम् व्यवसायीक क्षमताको विकास गर्ने । भौतिक पूर्वाधारको विकास विस्तार एवम् आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गर्दै स्रोत र साधन सम्पन्न संस्थाको रुपमा विकास गर्ने ।
- सामाजिक विकासलाई योगदान पुऱ्याउदै आपसी सहयोग र सद्भाव अभिवृद्धिको लागि ज्ञान, सीप अनुभव आदान प्रदान गर्ने ।
- पारदर्शिता, सुशासनयुक्त र समावेशी संस्थाको रुपमा परिचित गराउदै जाने ।
- समुन्नत समाजका लागि व्यवसायिकता तथा आत्म निर्भरता सहितको उत्कृष्ट संस्थाको रुपमा विकसित गर्ने ।

**उद्देश्यहरु :**

- संस्थागत पुँजी वृद्धि गर्दै संस्थालाई वित्तीय रुपमा सक्षम संस्था बनाउने ।
- आवश्यक भौतिक पुर्वाधारको विकास तथा विस्तारका साथै गुणस्तरीय र आधुनिक प्रविधिको प्रयोग संगै दक्ष कर्मचारी,स्रोत र साधनको हिसावले सक्षम संस्थाको रुपमा विकास गर्ने ।
- तालिम ,गोष्ठि,सेमिनारहरुका माध्यमवाट सदस्यहरुको आर्थिक ,सामाजिक तथा सास्कृतिक अवस्थामा सुधार गरी सशक्तिकरण गर्ने ।
- सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जनका परियोजना सञ्चालन गर्ने ।
- समुदायको आर्थिक अवस्थाको विकास गर्न सक्ने क्रियाकलापहरु संचालन गर्ने
- सदस्यहरुलाई आत्मनिर्भरता तथा आत्मविश्वास सृजना गर्न उत्प्रेरित गर्ने ।
- बचत तथा ऋणमा विविधीकरण गर्दै सदस्यहरुलाई प्रतिस्पर्धात्मक दरमा सर्वसुलभ एवम् प्रभावकारी वित्तीय सेवा प्रदान गर्ने ।
- समाजका कमजोर र निम्न आय भएका महिलाहरुलाई समावेश गराउदै आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।
- समान उद्देश्य भएका स्थानीय,क्षेत्रीय,राष्ट्रिय,अन्तराष्ट्रिय संस्थाहरु संग सहयोगात्मक भावना राख्ने ।

## प्रगती र समिक्षा :

आदरणीय शेयर सदस्यज्यूहरु आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित वित्तिय तथा गैर वित्तिय कार्यक्रमहरुको कार्यान्वयन समग्रमा सन्तोषजनक रहन गयो । विषम परिस्थितीको बावजुद संस्थाले अवलम्वन गरेको गैर वित्तिय कार्यक्रमहरु आंशिक रुपमा र वित्तिय तर्फ लक्ष्य अनुसार सन्तोषजनक उपलव्धी भएको पाईयो । नीतिगत क्षेत्रमा प्रविधिमैत्री सेवा तथा व्यवसायिक सम्बन्ध विस्तार कार्यविधी साथै सम्पत्ति शुद्धिकरण निवारण कार्यविधी तयार पारी संस्थागत सुशासन कायम राख्दै नीति बमोजिम बैठकहरुमा छलफल गर्दै आवश्यक कागजातहरु सम्बन्धित निकायहरुमा पेश गर्ने गरिएको छ । संस्थालाई नीति, विधि र प्रविधिको उच्चतम प्रयोगका साथ सञ्चालनका लागी आन्तरिक नियन्त्रण प्रणाली तथा व्यवस्थापनमा विशेष जोड दिएका छौं । हामीले निरन्तर संस्थाको कार्यक्रम, कार्यनीतिहरुको तर्जुमा गर्दै तिनको कार्यान्वयनमा अग्रसर रहदै आएका छौं । शेयर सदस्य तथा बचतकर्ता सदस्यहरुको लगानीलाई सुरक्षित गर्ने पहिलो कर्तब्यलाई आत्मसात गर्दै सुरक्षित र गुणस्तरीय लगानी गर्ने नीतिलाई कडाईका साथ अवलम्बन गरिरहेका छौं । संस्थागत सुशासनमा रहि संस्थाले प्रस्तावित लक्ष्य अनुरुप गत साधारणसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत हासिल भएका उपलव्धीहरुको प्रगति समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## व्यवस्थापन पक्षः

संस्थामा उपलब्ध सिमित विभिन्न स्रोत साधनलाई लक्ष्य अनुरुप अधिकत्तम प्रयोगमा ल्याई सदस्यमुखी गुणस्तरीय सेवा तथा सदस्य सन्तुष्टिमा विशेष ख्याल गर्न व्यवस्थापनको कार्यदक्षता तथा कुशलतामा अभिवृद्धि ल्याई कार्ययोजना सहित व्यवस्थापनलाई चुस्त दुरुस्त र परिणाममूखी बनाउन सञ्चालक समिति, विभिन्न उप–समिति सल्लाहकारबाट उचित निर्देशन साथै आवश्यकता अनुसार विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी गराई क्षमता तथा कार्यदक्षता अभिवृद्धि गर्ने प्रयास गरिएको छ । जसको फलस्वरुप यस आ.व.मा संस्थाको समग्र आर्थिक विकासमा धेरै गुणात्मक सफल प्रयासहरु गरिएका छन जसले संस्थालाई नीति विधि र प्रविधिमा तुलनात्मक रुपमा समय सापेक्ष अगाडी बढ्नको निम्ती आवश्यक सहयोग पुगेको छ । संस्थाको प्रगती एवम् नीतिगत रुपमा संस्थालाई मार्गदर्शनको लागि मासिक नियमित रुपमा सञ्चालक समितिको बैठक बस्ने गरेको छ भने लेखा सुपरिवेक्षण समिति, कर्मचारी,विभिन्न उप-समिति साथै सल्लाहकार सँग समेत गरी यस आ.व.मा १४ पटक बैठक बसी संस्थाको समग्र आर्थिक, सामाजिक, भौतिक,मानवीय संसाधन तथा

प्रविधिसंग सम्वन्धित महत्वपूर्ण विषयहरुमा निर्णय गरि कार्यान्वयनमा ल्याइएको छ । विभिन्न समयमा भएका बैठकहरुको निर्णयवाट संस्थाको व्यवसायीकता प्रवर्द्धन,संस्था सुदृढीकरण,नीति नियमहरुको तर्जुमा तथा संशोधन लगायतका कार्यहरुवाट संस्थाको ओज तथा प्रतिष्ठामा बृद्धि भएको छ । यो अवधिमा लेखा सुपरीवेक्षण समिति को बैठक ४ पटक, ऋण उप–समिति को बैठक १५ पटक,धितो मुल्याङ्कन उप–समिति १२ पटक, सेवाकेन्द्र संचालन तथा व्यवस्थापन उप–समिति बैठक आफ्नो सेवा केन्द्रमा नियमित रुपमा बसी बिभिन्न रचनात्मक र महत्वपुर्ण निर्णयहरु हुदै आएका छन ।प्रविधिसंग सम्वन्धित महत्वपूर्ण विषयहरुमा निर्णय गरि कार्यान्वयनमा ल्याइएको छ ।

## कार्यालय व्यवस्थापनः

आफ्ना शेयर सदस्यहरुको वित्तिय तथा गैर वित्तिय आवश्यकताहरुको समाधान गर्न सक्ने गरि संस्थाको कार्यालयलाई व्यवस्थित बनाई थप बढी सेवा प्रदान गर्नको लागि शनिवार तथा सार्वजनिक विदाको दिन पनि २ घण्टा (बिहान १० बजे देखी १२ बजे सम्म) संस्थाको मुख्य कार्यालयको काउण्टर खुल्ला गरी वित्तिय तथा गैर वित्तिय सेवाहरु प्रदान गर्दै आईरहेको छ। भने विदा वाहेकका दिनमा, मंसिर देखी फाल्गुण सम्म बिहान १० बजे देखी साँझ ४ बजे तथा चैत्र देखि कार्तिक सम्म बिहान १० बजे देखी साँझ ५ बजे सम्म कार्यालय समय निर्धारण गरी कारोवार तथा सेवाहरु प्रदान गरिदै आएको छ । संस्थाको वित्तिय कारोवार लेखा प्रणाली व्यवस्थापनको कामकाजलाई चुस्तदुरुस्त एव्म पारदर्शी बनाउन अत्याधुनिक सफ्टवेयरको प्रयोग संचालनमा ल्याईएको छ । मोबाईल बैकिङ्बाट कारोवार हुन सक्ने व्यवस्था भएको छ साथै कर्मचारीहरुलाई दैनिक बचतको रकम ट्याव्लेट मार्फत संकलन गर्ने व्यवस्था मिलाईएको छ। आगामी दिनहरुमा सदस्यहरुको ईच्छा आवश्यकता र मनोभावनाहरुको उच्च मुल्याङ्कन गर्दै सम्वोधनका लागि यथोचित प्रयास गर्दै कार्यालय व्यवस्थापनका पक्षहरुलाई अझ बढी प्रभावकारी रुपमा अगाडी बढाईने छ ।

## बचत व्यवस्थापनः

सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्ने पद्धतीलाई जोड दिदै उपलब्ध पुंजी परिचालन र सोको प्रतिफल शेयर सदस्यसम्म **पुऱ्याउन** विभिन्न कार्यक्रम द्धारा समुदायमा रहेका विभिन्न वर्ग, संघ, संस्था तथा आफ्ना शेयर सदस्य,कृषक,व्यवसायी कर्मचारी, शिक्षक तथा अन्य पेशामा संलग्न रहेका सदस्यहरुसँग रहेको पूँजी रकमलाई संकलन गरी उनिहरुकै चाहना र आवश्यकता वमोजिम प्रतिष्पर्धात्मक व्याजदरमा बचत सेवाको विविधिकरण गर्दै संस्थावाट यस आ.व.सम्ममा प्रदान गरिएका विभिन्न उद्देश्यका बचतका सेवाहरु तपशिल

वमोजिम रहेका छन् ।

| क.स. | बचतका प्रकार | क.स. | बचतका प्रकार |
|---|---|---|---|
| १ | नियमित मासिक बचत | ७ | ज्येष्ठ नागरिक |
| २ | दैनिक | ८ | कोपिला |
| ३ | ऐच्छिक | ९ | तलव बचत |
| ४ | बाल | १० | संचयकोष बचत |
| ५ | आवधिक | ११ | रेमिट्यान्स बचत |
| ६ | नारी बचत | १२ | कर्मचारी बिशेष बचत |

## ऋण व्यवस्थापन :

संस्थाले प्रवाह गर्ने विभिन्न प्रकारका ऋणहरु ऋण नीति अनुसार व्यवस्थापन गरिएको छ । आफ्ना शेयर सदस्यहरुलाई सर्वसुलभ ढंगवाट ऋण प्रवाह गर्दा 5C ऋण विश्लेषण,नगद प्रवाह विश्लेषण, ऋण सदुपयोगिता र परियोजनाको अध्ययन गरी विद्यमान ऋण लगानी नीति २०७७ को परिधि भित्र रहि गरिने गरिएको छ । आफ्ना शेयर सदस्यहरुको आय आर्जन वृद्धि गराई जिवनस्तरमा परिवर्तन ल्याउने उद्देश्यका साथ संस्थाले विभिन्न उद्देश्यका ऋण सेवाहरु प्रतिष्पर्धात्मक व्याजदरमा उपलव्ध गराउदै आएको छ । संस्थावाट सदस्यहरुलाई प्रवाह गरिदै आएका विभिन्न उद्देश्यका ऋण सेवाहरु यस प्रकार रहेका छन ।

| क.स. | ऋणका प्रकार | क.स. | ऋणका प्रकार |
|---|---|---|---|
| १ | कृषि | ६ | पेशागत ऋण |
| २ | स्वास्थ्य उपचार | ७ | शैक्षिक ऋण |
| ३ | व्यवसायिक | ८ | वैदेशिक ऋण |
| ४ | व्यापारिक (विना धितो) | ९ | पशु तथा कुखुरा |
| ५ | हायरपर्चेज | १० | आकस्मिक ऋण |

## कार्यालय सञ्चालनका आधारहरू:

संस्थाको दैनिक कार्य तथा संस्थागत विकासमा विना रोकावट निर्वाध व्यवस्थित रुपमा निरन्तर अगाडि बढ्नको लागि कार्यालय सञ्चालनमा बाधा तथा अवरोध **पुऱ्याउने** तत्वहरुको पहिचान तथा किटान गरी तत् सम्वन्धि नीति ,कार्यविधि तथा निर्देशिका सामुहिक निर्णयवाट तयार गरि साधारण सभावाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउने गरिएको छ। संस्था नीति, विधि, प्रविधि मार्फत सञ्चालित हुनुपर्दछ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई

अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यवसायिक बनाउनका लागि आवश्यक नीति,नियम एवम् कार्यविधिको तर्जुमा र मौजुदा नीति नियम एवम् कार्यविधिको समयानुकुल संशोधन तथा परिमार्जन गर्ने कार्य निरन्तर रुपमा हुदै आईरहेको छ ।

**संस्थामा हाल कार्यान्वयनमा रहेका नीति तथा आन्तरिक कार्यविधिहरुः**

१. आर्थिक नीति तथा कार्यविधि–२०८०
२. कर्मचारी प्रशासनिक नियमावलि–२०८१
३. सम्पत्ति शुद्धीकरण निवारण नीति –२०७८
४. सेवाकेन्द्र व्यवस्थापन कार्यविधि –२०८१
५. गल्ती व्यवस्थापन कार्यविधि –२०८१
६. मोवाईल बैकिङ्ग कार्यविधि –२०८१
७. सदस्य राहत कोष सञ्चालन कार्यविधि –२०८१
८. निर्वाचन कार्यविधि–२०७८
९. बचत तथा ऋण नीति –२०७७
१०. सदस्यता कार्यविधि –२०८१
११. ऋण असुली तथा लिलाम विक्रि कार्यविधि –२०८१
१२. सुशासन नीति –२०७७
१३. संगठन तथा सामान्य नीति –२०७८

**निर्माणाधिन कार्यविधिहरु**

१. विप्रेषण कार्यविधि
२. भुक्तानी कार्यविधि
३. साधारण सभा कार्यव्यवस्था निर्देशिका
४. पुराना कागजात विसर्जन कार्यविधि
५. सानो नगदिकोष सञ्चालन कार्यविधि
६. निर्माण कार्यविधि
७. आन्तरिक लेखा परिक्षण कार्यविधि

## जनशक्ति तथा परिचालनः

संस्था सफल सञ्चालनको मुख्य आधार नै संस्था सञ्चालनमा प्रत्यक्ष वा परोक्ष रुपमा लागि पर्ने जनशक्तिहरु हुन जसले संस्थाको हरेक कार्य अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यवसायिक रुपमा प्रभावकारी ढंगले सम्पादन गर्न मुख्य भुमिका खेलेको हुन्छ । हाल यस संस्थामा व्यवस्थापनको विभिन्न तहमा दैनिक नियमित सेवा सञ्चालनका लागि जम्मा ८ जना कर्मचारीहरुवाट कार्य सम्पादन हुदै आएको छ भने संस्थाको कार्य प्रभावकारी रुपमा सम्पादन गर्न व्यवस्थापनलाई उचित मार्गदर्शनको प्रवाह गर्न संस्थामा सञ्चालक समिति,लेखा समिति, सल्लाहकारहरु तथा विभिन्न उप-समितिहरु निस्वार्थ सेवा भावले क्रियाशिल हुनुहुन्छ। संस्थामा हाल रहेको समिति तथा उप-समितिको विवरण तथा संख्या यस प्रकार रहेको छ ।

| क्र.सं | समिति / उप-समिति | संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १५ |
| २. | लेखा तथा सुपरिवेक्षण समिति | ३ |
| ३. | सल्लाहकार | ९ |
| ४. | ऋण उप-समिति | ३ |
| ५. | धितो मूल्याङ्कन उप-समिति | ३ |
| ६. | शिक्षा उप-समिति | ३ |
| ७. | महिला सशक्तिकरण उप-समिति | ९ |
| ८. | यूवा तथा खेलकुद उप-समिति | ५ |
| ९. | वित्त व्यवस्थापन उप-समिति | ५ |
| १०. | सेवाकेन्द्र व्यवस्थापन उप-समिति | ९ |
| ११. | ऋण असुली उप-समिति | ७ |
| १२. | स्वास्थ्य उप-समिति | ५ |
| १३. | नीति,कार्यविधि निर्माण उप-समिति | ९ |
| १४. | कर्मचारी छनौट तथा पदपुर्ति उप-समिति | ३ |
| १५. | खरिद उप-समिति | ३ |
| १६. | निर्माण उप-समिति | ५ |
| १७. | हायर पर्चेज उप-समिति | ३ |
| १८. | लक्ष्य तथा उपलव्धी स्तर मूल्याङ्कन उप-समिति | ३ |
| १९ | सामाजिक सुरक्षा उप-समिति | ९ |
| २० | विपद व्यवस्थापन उप-समिति | ५ |
| २१ | जेष्ठ नागरीक उप-समिति | ५ |
| जम्मा | | १२१ |

## सामाजिक सुरक्षा तथा सामुदाय प्रतिको सेवाभाव

### सुत्केरी सदस्य भेटघाट कार्यक्रमः

संस्थाको सामाजिक सुरक्षा उप-समिति द्धारा समुदाय भित्र रहेका महिला सदस्यहरुको बचत कार्यक्रममा सक्रिय सहभागिता वृद्धी गराउने उद्देश्यले सुत्केरी सदस्यहरुको घरमा प्रत्यक्ष उपस्थित भई स्वास्थ्य अवस्था वारे जानकारी लिई आमालाई पोषण युक्त सामाग्री र नवजात शिशुको लागि न्यानो कपडा वितरण गरी निःशुल्क कोपिला बचत खाता खोली सञ्चालनमा ल्याउने कार्य निरन्तर गर्दै आईरहेको छ ।

### पारिवारीक राहत कोष वितरण कार्यक्रमः

संस्थाका शेयर सदस्यको मृत्यु भएमा १३ दिन भित्रै सो घरमा पुगि मृत्यु भएका शेयर सदस्यको आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनहरुमा समवेदना व्यक्त गर्दै सम्बन्धित परिवारलाई सहयोग स्वरुप पारिवारिक राहत कोषबाट क्रिया खर्च बापत राहत रकम रु २०,०००। का दरले उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

### फरक तथा भिन्न क्षमता भएका बृद्धा सम्मान तथा राहत वितरण कार्यक्रमः

महिला सशक्तिकरण उप-समितिको समन्वयमा नारी दिवसको अवसरपारी वृद्धा आमाहरु साथै एकल महिला दिदी बहिनीहरुलाई सम्मान तथा समुदाय भित्र रहेका फरक क्षमता भएका वर्गहरुलाई राहत वितरण गर्ने जस्ता कार्यक्रमहरुलाई प्रथामिकताका साथ निरन्तरता दिदै जानेछ ।

### शैक्षिक तथा खेलकुद सम्बन्धी कार्यक्रमः

संस्थाले आफ्नो कार्यक्षेत्र भित्र पर्ने सामुदायिक बिद्यालयहरुमा कम्तीमा वार्षिक एकपटक कुनै एक विद्यालयलाई छनोट गरी शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा विद्यार्थी भाईबहिनीहरुलाई सहभागी गराई उत्कृष्ट हुनेलाई पुरस्कृत गर्ने कार्यक्रम आगामी बर्षवाट कार्यान्वयनमा ल्याईनेछ । त्यसैगरी युवा परिचालन उप–समितिको क्रियाशिलतामा समुदाय भित्र खेलकुदको भावनालाई समेट्दै वार्षिक रुपमा कुनै एक खेलकुद कार्यक्रमको आयोजना गर्ने अथवा संस्थाको पहिचान सहित त्यस्ता कार्यक्रममा सहभागिता जनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

### नव दम्पत्ति (वेहुली) स्वागत तथा सदस्यता कार्यक्रम :

संस्थाले संस्थाको कार्यक्षेत्र भित्र बैवाहिक सम्बन्धमा बाधिने युगल जोडीहरुलाई स्वागत तथा सम्मान गर्दै संस्थाको परिचय सहित संस्थाको सदस्य बन्न अभिप्रेरित गर्ने कार्य गर्दै आएकोमा आगामि वर्षबाट यसलाई अभियानकै रुपमा अगाडी बढाई सो कार्यक्रमको सामाजिक सञ्जाल तथा संस्थाको वेवसाइड बाट समेत जानकारी गरिने छ ।

### सदस्य शिक्षा, वित्तिय साक्षरता तथा सदस्य सम्मान कार्यक्रम :

संस्थाले सदस्यहरुलाई सहकारी सम्बन्धि शिक्षा तथा तालिमको साथै वित्तिय साक्षरता का विभिन्न चरणका कार्यक्रमहरु आयोजना समय समयमा गर्दै आइरहेको छ । यस्ता कार्यक्रमहरुलाई आउने वर्ष अभियानकै रुपमा सञ्चालन गर्दै उत्कृष्ट सदस्यलाई सम्मान गरिने नीतिलाई प्रथामिकता दिईनेछ ।

### सदस्य सत्कार तथा दिप प्रज्वलन कार्यक्रम :

संस्थामा दैनिक प्रथम कारोवार गर्न आउने शेयर सदस्यको हातवाट पानसमा दिप प्रज्वलन गरी कारोवार शुभारम्भ गरि दिप प्रज्वलन गर्दाको सदस्यको फोटो सामाजिक सञ्जाल फेशबुकबाट सम्बन्धित सदस्यलाई बधाई तथा शुभकामना दिने कार्यको सुरुवात गरिएको र आगामी दिनहरुमा यस कार्यक्रमलाई अझ परिस्कृत एवं व्यवस्थित गर्दै निरन्तरता दिइनेछ ।

### संस्था स्थापना दिवस कार्यक्रमः

संस्थाले विगत देखिनै संस्थाको स्थापना दिवसको अवसर पारेर सामुदायिक विद्यालयका गरिव,विपन्न,अशक्त तथा जेहेन्दार विद्यार्थी भाइ बहिनीहरुलाइ न्यानो कपडा तथा खाजा वितरण, छात्रवृत्ति प्रदान ,शैक्षिक सामाग्री वितरण गरी संस्था स्थापना दिवस कार्यक्रम गर्दै आएकोमा आगामी वर्ष पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

### सुचना,प्रकाशन र प्रचार प्रसार :

संस्थावाट प्रदान गरिने वित्तिय,गैर वित्तिय तथा अन्य सेवाहरुको समुदाय स्तरमा बढि भन्दा बढि सुचना तथा जानकारी पुऱ्याउने उद्देश्य अनुरुप देहायका कार्यहरु सम्पन्न गरिएका छन् । संस्थाको सेवा मुलक कार्यक्रम झल्कने गरी आफ्नो भित्ते पात्रो प्रकाशनमा ल्याउने कार्य गरिएको छ । विभिन्न उद्देश्यका बचत तथा ऋण सेवाहरु तथा संस्थावाट प्रदान गरिने अन्य सेवाहरुको व्रोसर,पम्पलेट बनाई सदस्यको पहुँचमा देखिने गरी अफिसमा राख्ने तथा वितरण गर्ने कार्य

गरिएको छ ।

आन्तरीक सञ्चार व्यवस्थित तथा दैनिक कार्यमा सहजता प्रदान गर्न संस्थामा Entercom जडान गरिएको छ ।

सामाजिक सञ्जाल फेसवुक मार्फत संस्थावाट हुन गईरहेका र सम्पन्न भइसकेका कार्यक्रमको जानकारी दिने कार्यको सुरुवात गरिएको छ ।

## सुचना प्रविधी तथा वित्तिय कार्यक्रम

### मोबाईल बैकिङ्ग तथा एस.एम.एस.सेवा :

आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले सदस्यहरुको घरदैलो सम्म **पुऱ्याउने** संस्थाको प्रतिवद्धता अनुसार सदस्यहरुलाई कारोवार गर्न मोबाईल बैकिङ्क तथा मोवाईल एप्स र एस.एम.एस. बैकिङ्क सेवा लागु गरि नविनतम प्रविधिको प्रयोगवाट सूचना प्रणालीलाई व्यवस्थापन गर्न प्रयत्न गरेको छ ।

### ट्याब्लेट बैकिङ्ग सेवाः

दैनिक बचत संकलन गर्ने कार्यलाई भरपर्दो,सुरक्षित साथै अझ वढी व्यवस्थित तथा विश्वासिलो बनाई समयको बचत गर्दै सहजै गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यका साथ दैनिक बचत संकलकलाई मोबाईल ट्याव्लेट प्रदान गरी सेवा सञ्चालनमा ल्याईएको छ ।

### क्यू. आर. कोड सेवाः

मुना साकोसका व्यवसायी सदस्यहरुलाई नगदरहित कारोवार गर्न सहज होस भन्ने उद्देश्यले निःशुल्क रुपमा पसल पसलमा मुना साकोसको फोन पे को नेटवर्क मार्फत क्यू. आर. कोड वितरण गरी सेवा सञ्चालनको सुरुवात गरिएको छ । जसबाट सदस्यहरुले बस्तु तथा सेवा खरिद विक्री गर्दा क्यू आर कोड मार्फत नगद रहित आफ्नो बचत खातामा सिधै भुक्तानी प्राप्त गर्न सक्नुहुनेछ ।

### डिजिटल वालेटबाट रकमान्तर सेवाः

सदस्यहरुलाई कार्यालयमै उपस्थित भई बचत जम्मा गर्नुपर्ने अवस्थाको अन्त्य गरी समयको बचत तथा व्यवस्थापन गर्न साथै आफनो खातामा भएको रकम e-Sewa/ Khalti Digital wallet मा सजिलै रकमान्तर गर्न तथा e-Sewa/ Khalti Digital wallet बाट आफ्नो खातामा सिधै डिपोजिट गर्न सकिने व्यवस्थाको सुरुवात यस वर्षवाट गरिएको छ । आगामी दिनहरुमा यसलाई अझ परिस्कृत गर्दै अभियानकै रुपमा अगाडी बढाइनेछ ।

## इ–टेलर सेवाः

प्रविधिको प्रयोग मार्फत पेपर रहित कार्यालय बनाउने उद्देश्य अनुरुप संस्थाले क्यू. आर. प्रविधि मार्फत इ–टेलर सेवा सञ्चालन गर्न गईरहेको छ । सदस्यले आफ्नो खाताबाट विना भुक्तानी सिलिप (चेक) दैनिक १ लाख र मासिक १० लाख सम्म मोबाईल बैकिङ्ग मार्फत संस्थामा रहेको क्यू आर कोड स्क्यान गरी काउन्टरबाट नगद भुक्तानी गर्ने व्यवस्था छिट्टै कार्यान्वयनमा ल्याईनेछ ।

## विप्रेषण सेवाः

संस्थाबाट प्रदान गरिने रेमिटान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । सदस्यहरुको बढ्दो मागलाई सम्वोधन गर्न हाल कायम रहेका विभिन्न (IME,City,Western Union, HIMAL) रेमिटवाट सेवाहरु लिईरहेकोमा सेवा थप गर्न अन्य रेमिटान्स कम्पनीहरु मार्फत समेत कारोवार सम्झौता गरी सञ्चालनमा ल्याईनेछ। रेमिटान्स सेवा लिने स्थानियलाई संस्थाको सदस्य बनाउने नीति अख्तियार गरिनेछ । नियमित रुपमा रेमिटान्सको कारोवारमा सहभागी सेवाग्राहीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।

साथै संस्थाले IME Pay/ E-sewa /Khalti वाट सदस्यहरुलाई विद्युत महशलु, टेलिफोन, हवाई टिकट लगाएत इन्टरनेट महसुल भुक्तानीका सबै सेवाहरु उपलब्ध गराउने काम गर्ने गरिएको छ ।

# विमा तथा सुरक्षा योजना

## ऋणको म्यादी विमा कार्यक्रमः

संस्थाको सदस्यहरुलाई आईपर्ने जोखिमलाई बहन गर्दै सदस्य सुरक्षालाई ध्यान दिदै विभिन्न लाइफ इन्सोरेन्स कम्पनी संग सम्झौता गरी संस्थाबाट लगानी गरिएका विना धितो ऋणको म्यादी विमा कार्यको सुरुवात गरिएको छ। जसले ऋण जोखिम न्युनीकरण साथै बचत सुरक्षणमा सहयोग पुऱ्याउनेछ भन्ने हामीलाई विश्वास छ ।

## संस्थाको भौतिक सम्पत्तिको विमा :

भविष्यको जोखिम न्युनीकरण गर्न संस्थाले भवन, फर्निचर कम्प्युटर लगायत भौतिक सम्पत्ति र संस्थाको केन्द्रिय कार्यलय भल्ट, नगद तथा मार्गस्थ विमा गरेको छ ।

# आ. व. २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरुः

**सदस्य बृद्धि नीति :**

- आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा शेयर सदस्य संख्या २ हजार ८ सय जना शेयर सदस्य पुऱ्याईनेछ । सदस्य बृद्धि कार्यक्रमलाई अभियानकै रुपमा लैजानका लागि सम्पूर्ण कर्मचारीहरु र शिक्षा उप–समितिलाई परिचालित गरिने छ ।
- आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा ७ सय ५० बाल बचत कर्ता र १२० जना सम्म कोपिला बचत कर्ताको संख्या पुऱ्याईनेछ ।
- संस्था स्थापना (मंसिर २५ गते संस्थाको स्थापना दिवस)भएको महिना र ठुलो चाडपर्वको अवसरमा सहुलियत रुपमा सदस्य बन्नको लागि प्रवेश शुल्क निःशुल्क गरिने छ । साथै बाल बचतकर्ताहरुलाई शेयर सदस्यता ग्रहण गर्दा प्रवेश शुल्क नलिने नीतिलाई निरन्तरता दिईनेछ ।
- म र मेरो साथी संग संगै मुना जाने अभियान टोल टोलमा सञ्चालन गरिने छ ।
- सदस्य बनेको एक आर्थिक बर्ष पुरा भएका नियमित शेयर सदस्यहरुको १ लाख सम्मको निःशुल्क दुर्घटना विमा गरिने नीतिको सम्भाव्यता अध्ययन कार्यको सुरुवात गरिनेछ ।
- सदस्य बृद्धिका लागि सञ्चालक समिति, उप-समितिहरु तथा सबै तहका कर्मचारीहरुलाई लक्ष्य निर्धारण गरी अनिवार्य शर्तको रुपमा जिम्मेवार बनाईने छ ।
- सदस्य सम्मान नीति अध्यावधिक गरिनेछ ।
- सेवा क्षेत्रभित्र पहुँच पुग्ने अवस्थामा बाहिर बाट बसाई सरी आउने तथा विवाह गरि आउने व्यक्तिहरुलाई संस्थाको शेयर सदस्य बनाउन उचित किसिमको योजना बनाई अगाडी बढिने छ । संस्थाको पहुँच नपुगेको ठाउँका सदस्यलाई तथा गैर सदस्यलाई भेटघाट तथा सहकारी सम्बन्धी प्रशिक्षणको व्यवस्था गरी संस्थाको शेयर सदस्य बनाउन प्रेरित गरिनेछ .

**शेयर बृद्धि नीति :**

- आर्थिक वर्ष २०८१/०८२ को अन्त्य सम्ममा संस्थाको शेयर पूँजी १ करोड ७३ लाख पुऱ्याइनेछ ।
- संस्थाको शेयर पूँजी बृद्धिका लागि शेयर सदस्य हुनको लागि १ कित्ता शेयर भएको भए हुने भनिएता पनि १ वर्ष सम्ममा कम्तीमा १००० बराबरको शेयर खरिद गर्नुपर्ने नीति अवलम्बन

गरिने छ । यद्यपी तिर्न सक्ने क्षमता भएका व्यक्तिहरुलाई सदस्य बन्ने क्रममै पुरा शेयर खरिद गर्ने वातवरण मिलाइनेछ ।

- ऋण लगानी गर्दा  न्युनतम ५००० बराबरको शेयर रकम हुनुपर्ने र सो पश्चात ऋण रकमको १ प्रतिशत शेयर थप गर्ने नीतिलाई निरन्तरता दिईने छ ।  साथै नियमित तथा उत्कृष्ट बचत कर्ताहरुलाई औषत शेयर बृद्धिका लागि फोन एवम् भेटघाट गरिनेछ ।

**बचत बृद्धि नीति :**

- चालु आर्थिक वर्ष २०८१/०८२ मा संस्थाको कुल निक्षेप संकलन १२ करोड २९ लाख ५० हजार ५ सय  रुपयाँ बनाइने छ । जुन अनुमानित कुलकारोवारको ( १५ करोड ८३ लाख ७० हजार ५ सय ८४ रुपयाँको ) ७८ प्रतिशत हुनेछ ।
- यस आर्थिक वर्षमा नियमित बचत न्युनत्तम रु. १०० नै कायम राखी मासिक रुपमा रु. ५०० वा रु. १००० बचत गर्न सक्ने शेयर सदस्यहरुलाइ पनि खुल्ला तथा थप गरिने नीतिलाई अभियानकै रुपमा अगाडी बढाइने छ । कम्तीमा १ वर्ष नियमित रुपमा रु. ५०० वा रु. १००० बचत गर्ने  शेयर सदस्यहरुलाइ नीति बनाई  ऋण लगानीमा थप सुविधा दिन सक्ने व्यवस्था गरिने छ ।
- संस्थामा आवद्ध भएका सम्पुर्ण शेयर सदस्यहरुका लागि नियमित बचत अनिवार्य शर्तको रुपमा लिईने छ । नियमित रुपमा १ वर्ष सम्म बचत नगर्ने सदस्यहरुलाई निष्क्रिय सदस्यको रुपमा मानिने छ । यस्ता सदस्यहरुलाई संस्थाबाट दिईने कुनैपनि सेवा सुविधा (ऋण लगानी,सुत्केरी भेटघाट,तिर्थाटनमा सहभागिता, मृतक राहत बापतको रकम, दुर्घटना विमा बापतको रकम) उपलब्ध नगराउने साथै ऋण लगानी गर्दा यस्ता सदस्यहरुलाई प्राथामिकता नदिईने नीति अवलम्बन गरिने छ। निष्क्रिय सदस्य पहिचान गरि सक्रिय सदस्य बनाउनको लागि भेटघाट,छलफल,फोन,SMS र सहकारी शिक्षा मार्फत सुचित गराइने छ।
- रेमिट्यान्स सेवालाई आवश्यकता अनुसार विस्तार गर्दै लैजानु को साथै देश भित्र रकम पठाउने र पाउने व्यवस्थालाई थप व्यापक बनाइने छ । मासिक रुपमा धेरै कारोवार गर्ने मध्येबाट १ जना शेयर सदस्यलाई सम्मान गरिने नीति लिइने छ । रेमिटान्स कारोवारलाई रेमिट बचत संकलन सँग जोडिनेछ जसवाट रेमिट कारोवारको निश्चित रकम रेमिटान्स बचतमा जम्मा गर्नको लागी सदस्यलाई प्रोत्साहित गरिनेछ ।
- सदस्यहरुलाई छिटो,छरितो र स्तरीय बचत तथा ऋणका सेवा पुऱ्याउनको लागी राष्ट्रिय परिवेश अनुसार त्रैमासिक रुपमा ब्याजदर समायोजन गर्दै लगिने नीतिलाई निरन्तरता गरिनेछ ।

- दैनिक बचत र सफ्टवयरको लेजर व्यालेन्स मिले नमिलेको प्रमाणित गर्नको लागी सदस्यले सबै दैनिक बचत कर्ताहरुलाई कम्तीमा ३ महिनाको एकपटक मेरो बचत ठिक रहेको भनि हस्ताक्षर सहित प्रमाणित गरेर राख्ने नीति अवलम्बन गरिनेछ ।
- सवै बचत खाताहरुको न्युनतम मौज्दात रु.१००० कायम गरिने नीति शिघ्र कार्यान्वयनमा ल्याईनेछ ।
- सदस्यहरुको सुविधाहरुलाई नविनतम प्रविधि मार्फत सहज र व्यवस्थित बनाउन क्यू.आर. कोडको प्रयोगमा ल्याउन सदस्यहरुलाई प्रोत्साहित गरिने तथा क्यू.आर. कोडको माध्यमबाट बढि कारोवार गर्ने सदस्यलाई पुरस्कृत गर्ने नीतिलाई अगाडी बढाइनेछ ।
- संस्थाले प्रयोगमा ल्याईरहेको मोवाईल बैकिङ्ग सेवाका प्रयोगकर्ताहरुको संख्यामा उल्लेखनिय बृद्धि गर्न प्रविधि मार्फत कारोवार गर्न सबै सदस्यहरुलाई उत्प्रेरित गरिने छ। संस्थामा आवद्ध सञ्चालक समिति,उप–समिति र कर्मचारीहरुलाई मोवाईल बैकिङ्ग सेवा लिई कारोवार गर्न अभिप्रेरित गरिनेछ ।
- विभिन्न प्रकारका बचतहरु, शेयर सदस्यको इच्छा रुची र आवश्यकता अनुरुप थपघट वा निरन्तरता दिइने छ ।
- संस्थामा सदस्य बनि निष्क्रिय रहेका सदस्यहरुलाई सक्रिय गराउन कार्यक्रम सञ्चालन गरिने छ ।
- दैनिक बचत संकलन कार्यलाई प्रभावकारीता प्रदान गर्न कार्यक्रम तर्जुमा गरि लागु गरिने छ ।

## ऋण व्यवस्थापन कार्यनीति :

- वित्तीय रुपमा स्वस्थ र व्यवस्थापकिय रुपमा इमान्दार उद्यमी सदस्यहरुलाई वित्तीय तथा ऋण कारोवारको प्रचलित सिमा भित्र रहि ऋणको दायरा फराकिलो र उत्पादनमुलक बनाउन प्रोत्साहित गरिनेछ ।
- संस्थाबाट ऋण लगानी गर्दा उत्पादनशिल क्षेत्रमा लगानी गर्ने नीतिलाई जोड दिदै क्षेत्रगत भार (उत्पादनशिल क्षेत्र ७० प्रतिशत र अनुत्पादक क्षेत्र ३० प्रतिशत ) निर्धारण गरि क्रमश कार्यान्वयनमा ल्याइने छ ।
- सदस्यहरुलाई बचत धितो ऋण लगानी गर्दा नियमित बचत/आवधिक बचत रकमको ९० प्रतिशत ऋण उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।
- संस्थाबाट लगानी भएका सबै प्रकृतिका ऋणको ब्याज मासिक रुपमा लिने नीतिलाई

अवलम्बन गरिने छ ।

- संस्थाबाट लगानी भएको ऋणको किस्ता रकम समयमा नबुझाउने ऋणीलाई  ताकेता गर्न पत्रबाट पत्रचार तथा SMS गर्नुको साथै फोनबाट सुचना दिने कार्यलाई अझ प्रभावकारी रुपमा अगाडी बढाइने छ ।
- संस्थाबाट २ लाख सम्म ऋण लगानी व्यवस्थापनको निर्णयबाट गरिने ,२ लाख भन्दा माथी १० लाख सम्मको ऋण लगानी ऋण उप समितिको निर्णयबाट र सो भन्दा माथिको ऋण सञ्चालक समितिको निर्णयबाट गरिने नीतिलाई निरन्तरता दिइने छ ।
- संस्थावाट  सम्पुर्ण ऋणहरु प्रवाह गर्दा विमा अनिवार्य गर्नुपर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- जग्गा धनि महिला सदस्यहरुले उत्पादन मुलक क्षेत्रमा ऋण लगानी गरी उद्यम गर्न चाहेमा संस्थाबाट लगानी गरिने ऋणमा लिइने नियमित ब्याजदरमा ०.५ प्रतिशत छुट उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- ऋण असुलीलाई प्रभावकारी बनाउन ऋण असुली उप-समिति तथा कर्मचारी विच समन्वय गर्दै असुलीमा वृद्धी ल्याईने छ । असुली प्रक्रियालाई अझै वढी प्रभावकारी र नियमित बनाई वर्तमान असुली नीतिलाई परिमार्जन गरी कार्यन्वयन गरिने छ ।
- ऋण लगानी धितोमा अधिकत्तम रु.३५,००,००० (पैतिस लाख) सम्म उपलव्ध गराईनेछ ।
- कर्मचारी कर्जा अन्तर्गत व्यक्तिगत कर्जा,घर निर्माण कर्जा, जग्गा खरिद कर्जा, हायर पर्चेज कर्जा ऋण नीतिमा उल्लेखित कर्जाहरु सहुलियत दरमा उपलब्ध गराउने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।
- ऋण प्रकृयालाई सहज बनाउन म्यासेजबाट ऋण मागको सुचना दर्ता पद्धती बनाईनेछ ।
- संस्थाका सबै शेयर सदस्यहरुलाई ५ लाख भन्दा बढि रकम ऋण लगानी गर्दा संस्थाले दृष्टिबन्धक पास लिई कर्जा लगानी गर्ने नीतिलाई अवलम्बन गरिने छ। साथै सदस्यको अवस्था र आवश्यकता अनुसार स्वीकृत ऋण भन्दा बढि रकममा पनि संस्थाले दृष्टिबन्धक पास लिई ऋण लगानी गर्न सकिने व्यवस्था कायम गरिएको छ। त्यस्तै गरि संस्थाबाट रु १० लाख भन्दा बढि ऋण लिन चाहाने सदस्यहरुको ऋण सुरक्षण बापत लिइने धितो सुचिकृत कन्सलटेन्सीबाट मुल्याङक्न गर्ने र सो बापतको शुल्क सदस्य स्वयमले तिर्नुपर्ने नीतिलाई निरन्तरता दिइने छ।

**मानव संशाधन व्यवस्थापन नीति :**

- संस्थाको मानव संशाधन व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि विभिन्न संघ सस्थाले आयोजना गर्ने तालिम, सेमिनार ,गोष्ठिमा कर्मचारीहरुलाई सहभागी गराइनेछ । यसरी सहभागी गराउदा आवश्यकताका आधारमा सबैलाई बराबर अवसर दिने बाताबरण निर्माण गरिने छ ।
- यस वर्ष संस्थाले नै विभिन्न तालिम (पर्ल्स अनुगमन तालिम , ऋण व्यवस्थापन तालिम, लेखा व्यवस्थापन तालिम ,सहकारी शिक्षा तथा वित्तिय साक्षरता लगायतका ) आवश्यकतामा आधारित आयोजना गरि सबै कर्मचारीहरुलाई सहभागी गराइने छ ।
- कर्मचारीहरुको प्रोत्साहानको लागि सञ्चय कोष, उपदान, ग्रेड, चाडपर्व खर्च ,पोशाक, वोनस ,दुर्घटना विमा, जिवन विमा आदीको व्यवस्था गर्ने नीतिलाई अवलम्बन गरिने छ ।
- संस्थामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनको आधारमा वृद्धि विकासको अवसर पद ग्रेड व्यवस्था, पुरस्कार, प्रोत्साहन प्रदान गरी कर्मचारीको मनोवल वढाउने कार्य प्रत्येक कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको आधारमा गरिने छ ।
- संस्थाको नियमित प्रगति समिक्षाको प्रत्येक कर्मचारीहरुको तह,विभाग वा व्यक्तिगत रुपमा लक्ष्य निर्धारण गरिने छ र सो को आवधिक अनुगमनको लागि सञ्चालक समिति द्धारा तीन सदस्य रहेको लक्ष्य तथा उपलब्धी स्तर मुल्याङ्कन उप समिति गठन गरिएको छ । यस समितिको सिफारिसको आधारमा रहि कर्मचारीहरु पुरस्कृत गरिनेछ ।
- यस वर्ष गुणस्तर सुधार वर्षको रुपमा लिई नयाँ प्रविधियुक्त संस्था निर्माण गरिने छ । यसका लागि शेयर सदस्यहरु, सञ्चालकहरु र कर्मचारीहरुको क्षमता विकास गरिने छ । सदस्यहरुलाई प्रभावकारी एवम् प्रविधियुक्त सेवा दिनको लागि मुना SMS सेवा र मुना स्मार्ट एप्स सञ्चालन प्रभावकारी गरिने छ ।
- मुना SMS सेवा र मुना स्मार्ट एप्स मोवाईल मार्फत खातामा रहेको रकमको जानकारी खातामा जम्मा गरेको ,झिकेको विवरण, चेकबुक अनुरोध ,मोवाईल रिचार्ज, टेलिफोन रिचार्ज, डिसहोम रकम भुक्तानी,खानेपानी र विजुलीको विल भुक्तानी, बैङ्क ट्रान्सफर ,वालेट लोड, बचत जम्मा जस्ता सेवाहरु घरमै बसीबसी लिन सकिने व्यवस्थालाई अझ प्रभावकारी बनाईने छ । यसका लागी १ जना कर्मचारी तोकी विशेष जिम्मेवारी दिईनेछ ।
- सबै कर्मचारीहरुका लागि अनिवार्य रुपमा पोशाक र परिचय पत्रको व्यवस्थालाई अध्यावधिक

गरि निरन्तरता दिईनेछ । यस वर्ष सोहि खर्चबाट जाडो मौषममा प्रयोग गर्ने गरी ज्याकेट र जुत्तालाई समेत एकरुपता कायम गरिनेछ ।

**भौतिक  सम्पत्ति कार्यनीति :**

भौतिक सम्पत्ति व्यवस्थापन तर्फ संस्थाले चालु आ.व.मा निम्न कार्यनीति अवलम्बन गर्नेछ ।

- अनुत्पादक प्रकृतिका सम्पत्तिहरुको बृद्धिलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता प्रदान गर्दै अति आवश्यक पर्ने भौतिक सम्पत्ति बृद्धिका लागि मात्र जोड दिईनेछ ।
- संस्थाका सम्पत्तिहरुको व्यवस्थित अभिलेख, नियमानुसार ह्रासकट्टी र विमा व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- संस्थामा अनावश्यक तथा काम नलाग्ने अवस्थामा रहेका भौतिक सम्पत्ति र सामानहरुलाई नियमानुसार अपलेखन तथा लिलाम बिक्री गर्ने व्यवस्था मिलाईनेछ ।

**सदस्य तथा समुदाय लक्षीत कार्यक्रमः**

- संस्थामा कारोवार गर्न आउने हरेक सदस्यलाई संस्थागत स्वागत एवम् हेरचाहको लागि सञ्चालिच विशेष कार्यक्रमलाई  निरन्तरता गरिने छ ।
- संस्थाका शेयर सदस्यको मृत्यु भएमा सदस्यका  परिवारलाई क्रिया खर्च वापत घरमा नै गई श्रद्धाञ्जली सहित उपलब्ध गराउदै आएको राहत रकम रु. २०,०००।- लाई निरन्तरता दिइने छ ।
- महिला सशक्तीकरण उप–समितिलाई अझ वढी जागरुक बनाइ विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ । "सिकौं सिप नारी हित"कार्यक्रम संचालनमा ल्याई महिला सदस्यलाई विभिन्न प्रकारको आय आर्जन हुने खालको घरेलु स्वरोजगारवाट आत्मनिर्भर बनाउन सिपमलुक कायर्क्रमको लागि विभिन्न निकाय संग सम्पर्क गरी कार्यक्रम सञ्चालन गरिने छ  ।
- स्वास्थ्य तथा शिक्षा शिविर सञ्चालन गरिने छ ।
- यूवा परिचालन उप-समितिलाई सक्रिय गरी "यूवा को साथ मुना"कार्यक्रममा सहभागी गराउने यूवा  लक्षित कार्यक्रमलाई निरन्तरता गरिने छ। युवा स्वरोजगारको लागि आवश्यक CTEVT सम्बन्धी तालिमहरु उपलब्ध गराइने छ ।
- संस्थाका बाल सदस्यलाई लक्षित गरी ज्ञान मुलक, शिक्षा मुलक, तथा प्रतियोगितात्मक कार्यक्रम आयोजनाको सुरुवात गरिने छ ।
- सदस्य वृद्धि गर्न उल्लेखित भूमिका निर्वाह गर्ने सदस्यहरुलाई प्रत्येक वर्ष सदस्यता पुरस्कार

बाट सम्मानित गरिने छ। हरेक महिना उत्कृष्ट सदस्यको रुपमा छनौट गरी पुरस्कृत गरिने कार्यक्रमलाई यथाशिघ्र कार्यान्वयनमा ल्याईने छ।

- संस्थाका ज्येष्ठ नागरिक सदस्यलाई चौरासी पुजामा सम्मान गर्ने तथा ६५ वर्ष उमेर माथिका शेयर सदस्य बचतकर्ताहरुलाई १ दिने धार्मिक तीर्थाटन भ्रमण लगीने कार्यको सुरुवात गरिनेछ।
- संस्थाका नव दम्पत्ति शेयर सदस्यहरुलाई घरमा नै गई भेटभाट गरी बधाई तथा शुभकामना व्यक्त गरि सम्मान गरिनेछ।
- शेयर सदस्यहरुलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन र अझ थप प्रोत्साहित गरि उद्यमी बनाउन सफल उद्यमी कृषक पुरस्कार प्रदान गर्ने र संस्थाको व्यापारी सदस्यहरुलाई अझ व्यवसायिक बनाउन सफल व्यवसायी पुरस्कार एवम् सम्मान गर्ने नीति लिइनेछ।

**कार्यालय व्यवस्थापन तथा कार्य सञ्चालन कार्यनीति :**

- संस्थाको कारोवारलाई जानकारी गराउन वेभसाईड तयार गरिने छ। संस्थाको चिनारी व्रोसर, पम्पलेट आदि समय सापेक्ष अद्यावधिक गरिने छ।
- संस्थाको क्यालेण्डर प्रकाशित गरिने छ।
- विभिन्न संघ संस्थाहरु संग सम्पर्क समन्वय गरी सम्बन्ध सुमधुर गरिने छ।
- संस्थाले आर्थिक कारोवारहरुको लेखा प्रणाली चुस्त दुरुस्त र व्यवस्थित बनाउन प्रयोगमा ल्याइरहेको गुरु सफ्टवेयरलाई निरन्तरता दिईने छ।
- यस आ. व. मा संचालक समितिको वैठक कम्तिमा १२ पटक बस्ने छ।
- अध्यक्ष, सचिव, र कर्मचारीको बीच कम्तिमा २ पटक वैठक बस्ने छ।
- संचालक समिति, लेखा समिति, सल्लाहकार र विभिन्न उप-समितिको संयुक्त वैठक वर्षमा कम्तिमा २ पटक बस्ने छ।
- संस्था हाक्ने र विभिन्न कोणवाट विश्लेषण गर्न सक्ने क्षमतावान सञ्चालकहरुको विकास गर्न कम्तीमा २० जना शेयर सदस्यहरुलाई संस्थागत ज्ञानको विकास गराउन विभिन्न नीतिहरुको अभिमुखिकरण गरिने छ।
- शेयर सदस्यका सकारात्मक सुझाव एवम् सल्लाहलाई सम्बोधन गर्ने गरि संस्थामा सुझाब पेटिका र सुझाव पुस्तिका राखिएको छ। त्यहाँ दिएका सुझाव एवम् सल्लाह तथा भावनाहरुलाई सञ्चालक समितिको बैठकमा छलफल गरि सम्बोधन गर्ने संकलन गर्ने

कार्यलाई निरन्तरता दिइने छ ।

- शेयर सदस्य, बाल सदस्य,कर्मचारी एवम् सञ्चालक समिति तथा विभिन्न उप-समितिका सदस्यहरुको जन्मदिनको अवसरमा SMS तथा सामाजिक सञ्जालवाट शुभकामना दिई उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता गरिने छ ।
- साप्ताहिक रुपमा संस्था एवम् समुदायमा सहकारी शिक्षा, वित्तिय साक्षरता,ऋण परामर्श एवम् सदस्यहरु संग अन्तरक्रिया एवम् सेवा क्षेत्रका विद्यालयहरुमा सहकारी शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै सबै बचत तथा ऋणका प्रोडक्टहरुको व्रोसर एवम् फ्लेक्स प्रिन्ट तयार गरि कार्यालय परिसर भित्र राखिने छ ।
- सञ्चालक समितिको कार्य विभाजन गरी सोको मूल्याङ्कन गरी उत्कृष्ट सञ्चालक छनौट गरिनेछ ।
- संस्थाले नियमित रुपमा तिर्नुपर्ने नियमानुसारको कर दायित्व (सामाजिक सुरक्षा कर, व्याज कर,लाभांश कर ,बहाल कर,आयकर आदी)समयमै दाखिला तथा ई.टि.डि.एस. गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सचुना पप्राली (Cooperatives and Poverty)
- Related Management Information System) (CoPoMIS) मा संस्थाको सम्पूर्ण कारोवार मासिक रुपमा प्रविष्टी गरिने कार्यलाई महत्वका साथ निरन्तर कार्यान्वयन गरिने छ ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन २०६४ अनुसार वित्तिय जानकारी इकाईमा पेश गनुपर्ने शंकास्पद कारोवार /गतिविधि प्रतिवेदन तथा सीमा कारोवार विवरणहरु
- (STR/SAR/TTR) goAML (Production Environment) मा आवद्ध भई म्यासेज वोर्ड बाट पठाउने व्यवस्था भएकोमा सोहि अनुसार नै विवरण पठाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- सुरक्षा नीतिलाई मजबुत पार्न ऋण लगानी गर्दाका तमसुक,मञ्जुरीनामा,आम्दानीको स्रोत, व्यवसायीक करचुक्ता प्रमाण पत्र, मालपोतको रोक्का पत्र जस्ता कागजातहरुको स्क्यान गरी सफ्टवेयरमा सुरक्षित गरी राख्ने अभ्यासको थालनी गरिने छ ।
- संस्थाको आफ्नै स्वामित्व रहने गरी जग्गा खरिद गरी भवन निर्माण गरिने छ ।
- विगतका नीति तथा कार्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी निरन्तरता दिइने छ ।
- सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरु नियमित बैठकमा विना जानकारी लगातार ३ पटक  सम्म अनुपस्थित रहेमा बर्खास्त सम्म हुन सक्ने प्रावधान तयार गरिने छ ।

- अन्त्यमा, संस्थाको आर्थिक बर्ष २०८०/०८१ मा भएका सम्पूर्ण गतिबिधिका साथ साथै आर्थिक बर्ष २०८१/०८२ लागी प्रस्तावित नीति तथा कार्यक्रम प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गरेको छु । साथै केहि जिज्ञासा भए त्यसलाइ बन्द शत्रमा सम्बोधन गरिने छ भन्दै साकोसको विगतदेखि वर्तमानसम्म सहयोग पुऱ्याउनु हुने सहयोगी महानुभावलाई धन्यवाद प्रकट गर्दै उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यू, पत्रकार, कार्यसमिति, लेखा समिति, सल्लाहकार, विभिन्न उप-समिति, प्रमुख अधिकृत, सम्पुर्ण कर्मचारी तथा शेयर सदस्य महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद । जय सहकारी ॥

# कोषाध्यक्षको प्रतिवेदन

अमृतकान्त पण्डित
कोषाध्यक्ष

संस्थाको नवौं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू,प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यूहरु, अतिथि गणहरु स्थानीय जनप्रतिनिधिज्युहरु,विभिन्न संघ संस्थाका अध्यक्ष तथा संस्थाका प्रतिनिधि महानुभावहरु,सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारी तथा सदस्य मित्रहरु,सल्लाहकार ज्यूहरु,उप-समिति तथा कार्यदलका संयोजक तथा सदस्य साथीहरु,शेयर सदस्य ज्यूहरु,पत्रकार, कर्मचारी तथा शुभेच्छुक महानुभावहरु । यस गौरवपूर्ण क्षणमा अति व्यस्तताका बावजुत पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने तपाई सम्पूर्णमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

झन्डै दुई दशक अगाडि स्थापित मुकुन्दसेन र नारी कल्याण बचत तथा ऋण सहकारी संस्था लि. बिच २०७३/०८/२५ मा डिभिजन सहकारी कार्यालयको स्वीकृति लिई एकिकरण गरी विभिन्न चुनौती र सिमाहरुका बावजुत अवसर सक्षमतालाई उपयोग गर्दै यस सभासम्म सफलताका साथ आईपुगेको अवस्थामा कोषाध्यक्षको हैसियतले यस गरिमामय सभा समक्ष वित्तिय विवरण प्रस्तुत गर्न पाउदा म आफुलाई गौंरवान्वित ठानेको छु ।

संस्थाका सदस्यहरुको अटुट बिश्वास सहभागिता सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति, तथा सम्पूर्ण उप-समितिको निस्वार्थ र जिम्मेवारी पूर्ण सेवा, संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरुको अहोरात्र कष्टसाध्य मेहनत शुभेच्छुकहरुको अमुल्य सहयोग र सुझावहरुवाट यस संस्थाले वर्तमान अस्थिर र प्रतिस्पर्धात्मक बजारमा समेत गुणात्मक प्रगति गर्दै आईरहेको छ । यसलाई निरन्तरता दिदै आगामी दिनहरुमा समेत संस्थालाई आवश्यक पर्ने सहयोग गर्न सदस्य महानुभावहरु कहिल्यै पछाडी हट्नुहुने छैन भन्ने कुरामा म पूर्ण विश्वस्त छु। वर्तमान परिपेक्षलाई हेर्ने हो भने बचत तथा ऋण सहकारी संस्थाहरुको ध्यान सहकारीको मूल्य मान्यता आदर्श र सिद्धान्तलाई आत्मसाथ गर्नुभन्दा पनि कसरी बढी भन्दा बढी शेयर सदस्यको विश्वास जित्न सकिन्छ भन्ने तर्फ आकर्षित भएको यस्तो कठिन परिस्थितिमा हाम्रो यस मुना बचत तथा ऋण सहकारी संस्था लि. ले सहकारी मापदण्ड सहकारीको मुल्य मान्यता आदर्श र सिद्धान्त अनुरुप संस्थाका नीति तथा कार्यक्रम मार्फत सदस्यहरुलाई वित्तिय रुपमा सक्षम बनाउन र संस्थाको संस्थागत विकासका लागी क्रियाशिल रहदै हासिल गरेका उपलब्धी र सफलताहरुले हामीलाई अझ कठिन कार्य गर्न उत्प्रेरणा दिएको छ ।

संस्थाका गतिविधिहरुलाई नियमित पारदर्शी र मितव्ययी तरिकावाट सञ्चालन गर्न नीति प्रविधिमा विशेष जोड दिई सदस्यहरुलाई नविनतम आधुनिक प्रविधिसंग नजिक बनाउने उद्देश्यका साथ प्रविधि मैत्री वातावरण सृजना गर्दै व्यवसायिक रणनैतिक योजनाको प्रभावकारीताको लागी हामी निरन्तर लागि परेका छौं । सहकारी संस्थाको स्वस्थता मापन गर्ने अन्तराष्ट्रिय मान्यता प्राप्त अनुगमन प्रणाली एभ्चीक को नियमित विश्लेषण र अध्ययन गरी हिसावले संरचनागत प्रणालीमा सुधार ल्याईएको छ ।आदरणीय शेयर सदस्य महानुभावहरु वित्तिय बजारमा देखिएको व्याजको उतार चढाव अस्वस्थ प्रतिस्पर्धाले तरलताको चाप जस्तो प्रतिकुल अवस्थामा समेत वित्तिय प्रक्षेपणहरु मध्य अधिकाशं लक्ष्य सन्तोषजनक रुपमा हासिल गर्न सफल भएका छौं । विगतका तुलनामा संस्थाको वित्तिय संरचना सवल र सक्षम हुदै गईरहेको छ । गत वर्ष के कति उपलब्धीहरु हासिल गर्न सकिए र आगामी बर्ष मा के गर्ने भन्ने वारेमा व्यापक छलफलहरु र अध्ययन पश्चात संस्थाको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको अधिनमा रहि आर्थिक वर्ष २०८०/०८१ को अनुमानित लक्ष्य र सोको प्रगति समिक्षा तथा चालु आर्थिक वर्ष २०८१/०८२ लागि प्रस्तावित बजेट विवरण यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु .

| क.सं. | आम्दानी शिर्षक | रकम रु |
|---|---|---|
| १ | ऋण लगानी वाट व्याज | १,५६,२५,५६१ |
| २ | बैङ्कवाट प्राप्त व्याज | ६,३०,९७००० |
| ३ | लगानीवाट प्राप्त व्याज तथा वोनस | ३८,८२५ |
| ४ | प्रशासनिक शुल्क | ४,७५,०४४ |
| ५ | महसुल भुक्तानी | २१,२२३ |
| ६ | रेमिट्यान्स | ३०,९४९ |
| ७ | विलम्व शुल्क | १,७७,०५८ |
| ८ | अन्य आम्दानी | १,१९,८२७ |
| | **कुल आम्दानी** | १,७१,१९,४५७ |

| क.सं. | खर्च शिर्षक | रकम रु |
|---|---|---|
| १ | कर्मचारी खर्च | २७,४६,४७३ |
| २ | बचतमा ब्याज खर्च | ९३,१९,०४७ |
| ३ | प्रशासनिक तथा सञ्चालन खर्च | ११,७५,०६३ |
| ४ | ह्रास कट्टी खर्च | ४,०४,१०२ |

| | | |
|---|---|---|
| ५ | जोखिम कर्जा कोष | ३,५०,००० |
| ६ | कर्मचारी वोनस कोष | २,८४,०७० |
| ७ | NFRS समायोजन खर्च(स्थगन कर खर्च) | ३३,५३८ |
| ८ | आयकर व्यवस्था | २,९७,११६ |
| कुल खर्च | | १,४६,०९,४१० |
| आयकर पछिको बचत | | २५,१०,०४७ |

| पूँजी तथा दायित्व | |
|---|---|
| **विवरण** | **रकम रु** |
| शेयर पूँजी | १,६८,५१,५००।०० |
| जगेडा कोष | ७५,४०,१९४।०० |
| अन्य कोषहरु | ८१,७०,०८४।०० |
| बचत हिसाव | १२,०१,७५,२४६।०० |
| चालु आय कर दायित्व | ९४,६६५।०० |
| स्थगन कर दायित्व | १,३२,२३६।०० |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्व | ५,७२,३७७।०० |
| **जम्मा** | १५,३५,३६,३०२।०० |

| सम्पत्ति तथा जायजात | |
|---|---|
| **विवरण** | **रकम रु** |
| नगद मौंज्दात | ५,२०,००२।०० |
| बैंक मौंज्दात | ३,६४,२९,०४४।०० |
| लगानी हिसाब | १,०३,५००।०० |
| ऋण लगानी हिसाब | ११,२४,१६,५९७।०० |
| पाउनु पर्ने सम्पत्ति हिसाब | ९,५१,७२७।०० |
| स्थिर सम्पत्ति | ३१,१५,४३२।०० |
| **जम्मा** | १५,३५,३६,३०२।०० |

# आ.व. २०८०/०८१ को वित्तिय प्रगति तथा आ.व. २०८१/०८२ को प्रस्तावित लक्ष्य तथा बजेट :

**निक्षेप संकलन :**

| क्र.स. | बचत प्रकार | अनुमानित (२०८०/०८१) | वास्तविक (२०८०/०८१) | प्रस्तावित (२०८१/०८२) |
|---|---|---|---|---|
| १ | मासिक बचत | २,२८,००,०००.०० | २,३५,२५,१६५.२६ | २,५०,००,०००.०० |
| २ | दैनिक बचत | ७६,००,०००.०० | ६७,८८,०६२.५३ | ८०,००,०००.०० |
| ३ | ऐच्छिक बचत | २,१०,००,०००.०० | २,५७,१२,६१७.७८ | २,२७,००,०००.०० |
| ४ | आवधिक बचत | ४,५०,००,०००.०० | ४,४१,८५,९००.०० | ४,५०,००,०००.०० |
| ५ | बाल बचत | १,४५,००,०००.०० | १,४९,९९,७८८.६० | १,५२,००,०००.०० |
| ६ | कोपिला बचत | ९,००,०००.०० | ९,७३,२९२.९५ | १५,००,५००.०० |
| ७ | जेष्ठ नागरिक बचत | १०,००,०००.०० | १८,३८,५८५.७५ | २५,००,०००.०० |
| ८ | सञ्चयकोष तथा अन्य | १२,००,०००.०० | १२,८७,५७२.३९ | १३,००,०००.०० |
| ९ | तलव बचत खाता | २,५०,०००.०० | ५,१२६.९५ | २,५०,०००.०० |
| १० | कर्मचारी विशेष बचत | २,५०,०००.०० | ३,४८,००८.८३ | ३,५०,०००.०० |
| ११ | नारी बचत | २,५०,०००.०० | ५,११,१२५.०१ | ९,००,०००.०० |
| १२ | रेमिट्यान्स बचत | २,५०,०००.०० | - | २,५०,०००.०० |
| **जम्मा** | | ११,५०,००,०००.०० | १२,०१,७५,२४६.०५ | १२,२९,५०,५००.०० |

## वित्तिय आम्दानी :

| शीर्षकहरु | अनुमानित (२०८०/०८१) | वास्तविक (२०८०/०८१) | प्रस्तावित (२०८१/०८२) |
|---|---|---|---|
| ऋण लगानी वाट व्याज | १,६८,००,०००.०० | १,५६,२५,५६१.०० | १,६८,००,०००.०० |
| बैङ्कवाट प्राप्त व्याज | ६,००,०००.०० | ६,३०,९७०.०० | ६,००,०००.०० |
| लगानीवाट प्राप्त व्याज तथा वोनस | ४०,०००.०० | ३८,८२५.०० | ४०,०००.०० |
| प्रशासनिक शुल्क | ६,००,०००.०० | ४,७५,०४४.०० | ६,००,०००.०० |
| महसुल भुक्तानी | २५,०००.०० | २१,२२३.०० | २५,०००.०० |
| रेमिट्यान्स | १,३०,०००.०० | ३०,९४९.०० | ५०,०००.०० |
| विलम्व शुल्क | २,००,०००.०० | १,७७,०५८.०० | २,००,०००.०० |
| अन्य आम्दानी | ४,५०,०००.०० | १,१९,८२७.०० | २,००,०००.०० |
| **जम्मा** | १,८८,४५,०००.०० | १,७१,१९,४५७.०० | १,८५,१५,०००.०० |

## वित्तिय खर्च :

| शीर्षकहरु | अनुमानित (२०८०/०८१) | वास्तविक (२०८०/०८१) | प्रस्तावित (२०८१/०८२) |
|---|---|---|---|
| कर्मचारी खर्च | २९,६७,७००.०० | २७,४६,४७३.०० | ३१,१६,२२५.०० |
| कर्मचारी तलव भत्ता खर्च | २४,०४,०००.०० | २२,७६,०८८.०० | २४,५६,३८८.०० |
| सञ्चयकोष खर्च | १,५८,७००.०० | १,५८,६०९.०० | २,१७,४३८.०० |
| कर्मचारी पोशाक खर्च | ८०,०००.०० | २२,५६८.०० | ८०,०००.०० |
| विदा तथा अन्य सुविधा | १,५०,०००.०० | १,२६,०३४.०० | १,८१,१९९.०० |
| चाडपर्व खर्च | १,७५,०००.०० | १,६३,१७४.०० | १,८१,२००.०० |
| व्याज खर्च | ८५,००,०००.०० | ९३,१९,०४७.०० | ८५,००,०००.०० |
| बचतमा व्याज खर्च | ८५,००,०००.०० | ९३,१९,०४७.०० | ८५,००,०००.०० |

| | | | |
|---|---|---|---|
| विमा खर्च | ५०,०००.०० | ४३,४१४.०० | ४७,०००.०० |
| सेफ तथा सवारी साधन | २०,०००.०० | १९,०२२.०० | २०,०००.०० |
| भवन तथा सम्पत्ति | १५,०००.०० | १३,६९०.०० | १५,०००.०० |
| कर्मचारी (दुर्घटना तथा अन्य) | १५,०००.०० | १०,७०२.०० | १२,०००.०० |
| कार्यक्रम खर्च | ७,२०,०००.०० | ४,६०,८०७.०० | ११,४५,०००.०० |
| शुभकामना | ५०,०००.०० | ३१,४७५.०० | ५०,०००.०० |
| अध्ययन अवलोकन भ्रमण | – | – | १,५०,०००.०० |
| व्यवसायिक योजना निर्माण | – | – | १,५०,०००.०० |
| तालिम तथा सदस्य शिक्षा | २०,०००.०० | ४५३६० | ५०,०००.०० |
| वार्षिकोत्सव तथा दिवस विशेष कार्यक्रम | ५५,०००.०० | – | ५५,०००.०० |
| छात्रवृत्ति खर्च | १५,०००.०० | – | १५,०००.०० |
| सुत्केरी भेटघाट तथा सहयोग | ४०,०००.०० | १४,५२५.०० | ४०,०००.०० |
| युवाको साथ मुना | ५०,०००.०० | ४०,०००.०० | ५०,०००.०० |
| संचालन कार्यविधि तथा नीति निर्माण | १०,०००.०० | – | १०,०००.०० |
| नारी संगै मुना विशेष कार्यक्रम | ५०,०००.०० | ४,५००.०० | २०,०००.०० |
| पर्व विशेष कार्यक्रम | ३०,०००.०० | ३७,१२५.०० | ३०,०००.०० |
| शैक्षिक तथा खेलकुद कार्यक्रम | २०,०००.०० | १७,५००.०० | २०,०००.०० |
| बजार प्रवर्द्धनात्मक कार्यक्रम | १,००,०००.०० | – | ५०,०००.०० |
| सिकौं सिप नारी हित कार्यक्रम | ५०,०००.०० | – | ५०,०००.०० |
| तिर्थाटन कार्यक्रम | – | – | ७५,०००.०० |
| बाल सदस्य भ्रमण कार्यक्रम | – | – | ७५,०००.०० |
| नव दम्पत्ति स्वागत कार्यक्रम | – | – | २०,०००.०० |

| | | | |
|---|---|---|---|
| सम्मान तथा पुरस्कार | ३०,०००.०० | २९,६६७.०० | ३०,०००.०० |
| अधिवेशन तथा साधरण सभा खर्च | १,८०,०००.०० | २,१७,९०५.०० | १,८०,०००.०० |
| सेमिनार तथा गोष्ठी | २०,०००.०० | २२,७५०.०० | २५,०००.०० |
| **सुचना तथा प्रविधि खर्च** | **२,००,०००.००** | **१,५९,८२८.००** | **२,११,०००.००** |
| ईन्टरनेट | ३५,०००.०० | १७,६२८.०० | ३५,०००.०० |
| टेलिफोन | ३५,०००.०० | २०,१००.०० | ४०,०००.०० |
| दैनिक कलेक्सन ट्याब इन्टरनेट | – | ९,१००.०० | ११,०००.०० |
| एस.एम.एस सेवा | २०,०००.०० | १३,५६०.०० | २०,०००.०० |
| क्लाउड सर्भिस | – | ६०,०००.०० | ६०,०००.०० |
| सफ्टवेयर नविकरण खर्च | १,१०,०००.०० | ३९,४४०.०० | ४५,०००.०० |
| **ऋण व्यवस्थापन खर्च** | **१८,०००.००** | **–** | **१८,०००.००** |
| अनुगमन तथा निरिक्षण | ६,०००.०० | – | ६,०००.०० |
| ऋण असुली तथा ताकेता | ६,०००.०० | – | ६,०००.०० |
| धितो मुल्याङ्कन खर्च | ६,०००.०० | – | ६,०००.०० |
| **अन्य संचालन खच** | **१२,२७,०००.००** | **४,५४,५१४.००** | **९,६६,३००.००** |
| घरभाडा खर्च | २,६५,०००.०० | ८०,६७६.०० | ८८,८००.०० |
| महसुल खर्च विधुत तथा पानी | ९०,०००.०० | ५५,०७१.०० | ९०,०००.०० |
| मर्मत सम्भार खर्च | ७०,०००.०० | ३२,८७५.०० | ७०,०००.०० |
| सरसफाई खर्च | १०,०००.०० | १,७८५.०० | १०,०००.०० |
| यातायात तथा बैठक व्यवस्थापन खर्च | २,०४,०००.०० | ८,६२५.०० | १,१४,०००.०० |
| पदपूर्ति खर्च | १०,०००.०० | – | १०,०००.०० |
| ईन्धन खर्च | ३५,०००.०० | ३१,८४५.०० | ५०,०००.०० |
| सदस्यता नविकरण खर्च | २०,०००.०० | ११,२२७.०० | २०,०००.०० |
| भैपरी आउने खर्च | १०,०००.०० | १,७००.०० | १०,०००.०० |
| कार्यालय सामाग्री खर्च | ३०,०००.०० | – | ३०,०००.०० |
| सेवा केन्द्र व्यवस्थापन खर्च | ६,०००.०० | – | ६,०००.०० |

| | | | |
|---|---|---|---|
| सवारी साधन नविकरण खर्च | १५,०००.०० | ६,६००.०० | १५,०००.०० |
| मसलन्द खर्च | १,२०,०००.०० | ५९,४९५.०० | १,२०,०००.०० |
| छपाई खर्च | १,३०,०००.०० | १,१२,४६५.०० | १,३०,०००.०० |
| पत्रपत्रिका तथा पुस्तक खर्च | ५,०००.०० | ३,४००.०० | ५,०००.०० |
| विभिन्न उप समिति बैठक व्यवस्थापन खर्च | ४०,०००.०० | – | ४०,०००.०० |
| अतिथि सत्कार | ४०,०००.०० | १०,८६०.०० | ४०,०००.०० |
| वित्तिय खर्च | २,०००.०० | २,२१०.०० | २,५००.०० |
| चिया तथा खाजा | २५,०००.०० | – | १५,०००.०० |
| विविध खर्च | १,००,०००.०० | ३५,६८०.०० | १,००,०००.०० |
| लेखापरीक्षण खर्च | ५६,०००.०० | ५६,५००.०० | ६२,५००.०० |
| आन्तरिक लेखापरीक्षण | ६,०००.०० | – | ६,०००.०० |
| वाह्य लेखापरीक्षण | ५०,०००.०० | ५६,५००.०० | ५६,५००.०० |
| स्थगन कर खर्च (आम्दानी) | – | ३३,५३८.०० | – |
| जोखिम कोष खर्च | ५,००,०००.०० | ३,५०,०००.०० | ३,५०,०००.०० |
| कर्मचारी वोनस कोष | ३,५०,०००.०० | २,८४,०७०.०० | ३,००,०००.०० |
| ह्रास कट्टी खर्च | ३,५०,०००.०० | ४,०४,१०३.०० | ३,००,०००.०० |
| कर खर्च | ३,२०,०००.०० | २,९७,११६.०० | ३,२०,०००.०० |
| कुल खर्च | १,५२,५८,७००.०० | १,४६,०९,४१०.०० | १,५३,३६,०२५.०० |
| **शुद्ध बचत** | ३५,८६,३००.०० | २५,१०,०४७.०० | ३१,७८,९७५.०० |

| पूँजी तथा दायित्व | | | |
|---|---|---|---|
| विवरण | अनुमानित (२०८०/०८१) | वास्तविक (२०८०/०८१) | प्रस्तावित (२०८१/०८२) |
| शेयर पूँजी | १,७३,००,०००.०० | १,६८,५१,५००.०० | १,७३,००,०००.०० |
| बचत हिसाब | ११,५०,००,०००.०० | १२,०१,७५,२४६.०० | १२,२९,५०,५००.०० |
| जगेडाकोष | ७८,००,०००.०० | ७५,४०,१९४.०० | ८२,००,०००.०० |
| अन्य कोषहरु | १,०५,००,०००.०० | ८१,७०,०८४.०० | ९१,७०,०८४.०० |
| अन्य दायित्व | ७,००,०००.०० | ५,७२,३७७.०० | ६,००,०००.०० |
| स्थगन कर दायित्व | – | १,३२,२३६.०० | – |
| चालु आय कर दायित्व | ३,४०,०००.०० | ९४,६६५.०० | १,५०,०००.०० |
| जम्मा | १५,१६,४०,०००.०० | १५,३५,३६,३०२.०० | १५,८३,७०,५८४.०० |

| सम्पत्ति तथा जायजात | | | |
|---|---|---|---|
| विवरण | अनुमानित (२०८०/०८१) | वास्तविक (२०८०/०८१) | प्रस्तावित (२०८१/०८२) |
| नगद मौज्दात | ३,१०,०००.०० | ५,२०,००२.०० | ५,००,०००.०० |
| बैङ्क मौज्दात | २,१३,००,०००.०० | ३,६४,२९,०४४.०० | २,९६,२०,५८४.०० |
| अन्य लगानी | ६,५०,०००.०० | १,०३,५००.०० | १,५०,०००.०० |
| ऋण लगानी | १२,४५,००,०००.०० | ११,२४,१६,५९७.०० | १२,४५,००,०००.०० |
| स्थिर सम्पत्ति | २६,००,०००.०० | ३१,१५,४३२.०० | २६,००,०००.०० |
| पाउनु पर्ने हिसाब | २२,८०,०००.०० | ९,५१,७२७.०० | १०,००,०००.०० |
| जम्मा | १५,१६,४०,०००.०० | १५,३५,३६,३०२.०० | १५,८३,७०,५८४.०० |

अन्त्यमा संस्थागत लक्ष्य प्राप्तीका लागि अहोरात्र खटिने सञ्चालक समिति लेखा सुपरिवेक्षण समिति विभिन्न उप–समिति तथा संस्थामा कार्यरत प्रतिवद्ध कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विवरण र चालु आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित आम्दानी खर्च विवरण बजेट श्रवण गरिदिनु भएकोमा सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै प्रतिवेदन उपर छलफल गरी पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

रामप्रसाद शर्मा(सिग्देल)
दर्तावाला लेखापरीक्षक “ख” १४२२
गैंडाकोट - १ नवलपरासी

जे एण्ड शर्मा कम्पनी
प्र.प.नं २६९९
पान.नं. ३००८३६७०१

मुना बचत तथा ऋण सहकारी संस्था लि. का शेयरधनी महानुभावहरु
समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन ।

हामीले मुना ग्रमिण बचत तथा ऋण सहकारी संस्था लि. गैडाकोट नगरपालिका वार्ड नं. ४, नवलपुरको यसै साथ संलग्न ३१ आषाढ २०८१ को बित्तीय स्थिती बिबरण, सोही मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा वा नोक्सान हिसाबको बिबरण, नगद प्रवाह विवरण, ईक्युटीमा भएको परिबर्तनको बिबरण र यी बिबरण संग सम्बन्धित लेखा टिप्पणीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं ।

हाम्रो राय

हाम्रो रायमा कैफियत सहितको राय व्यक्त गर्ने आधार (Basis of Qualified Opinion) अनुच्छेदमा उल्लेख भएको वित्तिय बिबरणमा प्रभाव पार्ने व्यहोरा बाहेक संलग्न वित्तिय विवरणहरुले सारभुत रुपमा मिति ३१ आषाढ, २०८१ (१५ जुलाई, २०२४) को वित्तिय अबस्था, सोहि मितिमा समाप्त भएको बर्षको कारोवारको नतिजा र सोहि बर्षको नगद प्रवाह साना तथा मझौला उद्यमलाई जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान का आधारमा रही लेखामान बोर्डबाट जारी भए अनुसारबाट उल्लेखित रायको आधारमा उल्लेख गरिएका सामान्य बाहेकमा समुचित तथा यथार्थ चित्रण गर्दछ ।

रायको आधार

- सहकारी मापदण्ड २०७६ अनुसार ऋणको बर्गिकरणमा असल ऋण, शंकास्पद ऋण र खराब ऋणको लागी छुट्ट्टाउनु पर्ने क्रमश १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशत ऋणको नोक्सानी कोषको पर्याप्त ब्यबस्था गरेको देखिएन ।
- बित्तिय बिबरणहरु नेपाल बित्तिय प्रतिबेदनमान अनुसार साना तथा मझौला उद्यमलाई नेपाल बित्तिय प्रतिबेदन मान (NFRS For SMEs) अनुसार बित्तिय बिबरणहरु तयार गरिएका केही सामान्य विषयहरुमा सबै मानहरु अनुसार ,उपदान, संचित विदा जस्ता एकाउण्टीङ लेखांकन पूर्णता भएको देखिएन ।
- हामीले लेखापरिक्षण मान अनुसार लेखा परिक्षण सम्पन्न गरेकाछौं । हामीले बहन गर्नु पर्ने उक्त मान अनुरुपको उत्तरदायीत्व पुन लेखापरिक्षकको जिम्मेवारी अन्तर्गत बर्णन गरिएको छ । हामी बित्तिय बिबरण लेखापरिक्षण गर्न प्रोफेशनल एकाउण्टेण्टको लागी आइक्यानको आचार संहिताको ह्याण्ड बुक बमोजिम साथै सान्दर्भिक नैतिक आबश्यकता बमोजिम संस्थासंग स्वतन्त्र छौं र हामीले यो आबश्यकताको पालना गरेकाछौं ।

लेखापरिक्षणको प्रमुख बिषयहरु (KAM)

हाम्रो पेशागत रायको आधारमा वित्तिय विवरणहरुको लेखापरिक्षण गर्ने क्रममा धेरै महत्व राख्ने, वित्तिय विवरणहरुमा सारभुत गलत आकडाको ( Material Misstatements) जालसाजी वा अन्य कारणले जोखिम आकलन गरिएका बिषय लगाएत लेखापरिक्षणको रणनिति, स्रोतको बांडफांड र लेखापरिक्षण टोली (engagement team) को ध्यानाकर्षणमा बिशेष प्रभाव पार्ने बिषयहरुलाई लेखापरिक्षणको प्रमुख बिषयको रुपमा मानिन्छ । हाम्रो लेखापरिक्षणको क्रममा धेरै महत्व राख्ने, बिशेष प्रभाव पार्ने खालको कुनै पनि बिषयहरु पहिचान भएनन् ।

३.आर्थिक विवरणहरु प्रति ब्यवस्थापनको जिम्मेवारी

प्रचलित कानुन तथा नेपाल लेखामान बमोजिम बित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्ने व्यवस्थापनको जिम्मेवारी हो । यस जिम्मेवारी अर्न्तगत वित्तीय विवरणहरु गलत आंकडा, जालसंझी वा त्रुटिको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धीत नियन्त्रण प्रणालीको तर्जूमा गर्ने , लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखा नितीको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

राम प्रसाद शर्मा सिग्देल
दर्तावाला लेखापरीक्षक

४.लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले लेखापरीक्षण नेपाल सरकार भुमी ब्यबस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय द्धारा जारी सहकारी क्षेत्रको बित्तिय प्रतिबेदन ढांचा (लेखा निति, लेखा सुची र लेखा मापदण्ड) २०७६, नेपाल लेखापरीक्षणमान् बमोजिम समेत लाई मध्यनजर गर्दै सम्पन्न गरेका छौं । यी मान्ले हामीलाई लेखापरीक्षकको आचारसंहिता पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रूटीरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंदछन् । लेखापरीक्षण अर्न्तगत वित्तीय विवरणमा उल्लेखित रकम र खूलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसांजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्याबसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा क्रममा, हामीले सहकारीको आन्तरिक नियन्त्रण उपर नै राय ब्यक्त गर्ने उद्देश्यले नभै, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा सहकारीले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौ. । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मुल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य कानुन तथा नियमनकारी आबश्यकता अनूसारको प्रतिवेदन

हाम्रो लेखापरीक्षणको सिलसिलामा हामीलाई उपलब्ध गराईएका जानकारी, स्पष्टिकरण सूचनाहरुको साथै लेखापरीक्षण गर्दा प्राप्त जानकारी अनुसार,

(क) हामिले लेखापरिक्षणको सिलसिलामा आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरु, सफ्टवेयरको आधारमा हाम्रो रायमा सहकारीले राखेको हिसाब किताब सहकारी ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं । यस्तै ऐनको दफा ६८, ६९ र ७० मा ब्यबस्था गरे बमोजिमको कोषहरुमा बचत रकम जम्मा गरेको पायौं । सहकारीका सिद्धान्त, मुल्य मान्यता र बिभागले जारी गरेका निर्देशिकाहरुको समेत पालना गरेको पायौं ।

(ग) सहकारी मापदण्डले उल्लेख गरे अनुसारको ऋणको बर्गिकरणमा छुट्टाउनु पर्ने जोखिम बेहोर्ने कोष, श्रम ऐन २०७४,अनुसारको उपदान तथा संचित विदाको ब्यबस्था गरेको देखिएन ।

(घ) हाम्रो लेखापरीक्षणको सिलसिलामा सहकारीका संचालक समिति, प्रतिनिधी वा कुनै पदाधिकारी वा कुनै कर्मचारीहरुले प्रचलित कानून विपरित लेखा सम्बन्धी कुनै कामकाज वा सहकारीको कुनै आर्थिक एवं भौतिक सामानहरुको हानि नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

राम प्रसाद शर्मा सिग्देल
दर्तावाला लेखापरीक्षक

मिति : २०८१ भाद्र २३ गते ।
स्थान : गैडाकोट १, नवलपुर ।
UDIN No.: 2441008RA03182Zbpan

राम प्रसाद शर्मा सिग्देल
जे एण्ड शर्मा कंम्पनी
रजिष्टार्ड लेखापरीक्षक

**मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**गैडाकोट नगरपालिका वार्ड न. ४, नवलपरासी (ब.सु.पूर्व)**
**वित्तीय स्थितीको विवरण (वासलात)**
**२०८१ साल आषाढ ३१ को (तदानुसार १५ जुलाई, २०२४)**

| सम्पत्ति | अनुसूची | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० (शंसोधित) | १ श्रावण २०७९ (शंसोधित) |
|---|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ३६,९४९,०४६ | २२,५९५,७८७ | ११,७९५,३४९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | - | ६,५००,००० | - |
| सदस्यहरुलाई लगानी गरिएको ऋण | ४.३ | ११२,४१६,५९७ | १०२,३८७,२७९ | ९१,०२६,१८७ |
| छाता संगठन (शेयर) मा लगानी | ४.४ | १०३,५०० | १००,२९५ | ९५,५०० |
| चालू आयकर सम्पत्ति | ४.५ | - | २०,६४४ | १३,१६७ |
| लगानी सम्पत्ति | ४.६ | - | - | - |
| सम्पत्ति तथा उपकरणहरु | ४.७ | २,८५६,६६८ | २,४३२,६१२ | २,२९७,८१३ |
| ख्याती र अमूर्त सम्पत्ति | ४.८ | २५८,७६५ | २९७,०७५ | ३३५,३८६ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - | - |
| अन्य सम्पत्तिहरु | ४.१० | ९५१,७२७ | २,४३०,४५६ | २,४४६,१३९ |
| **कुल सम्पत्ति** | | **१५३,५३६,३०२** | **१३६,७६४,१४९** | **१०८,००९,५४१** |
| | | | | |
| पुंजी तथा दायित्व | अनुसूची | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० (शंसोधित) | १ श्रावण २०७९ (शंसोधित) |
| सदस्यहरुबाट संकलन गरेको बचत | ४.११ | १२०,१७५,२४६ | १०४,७०९,११६ | ७८,४५१,६७४ |
| तिर्न वाँकी सापटी | ४.१२ | - | - | - |
| चालु आयकर दायित्व | ४.५ | ९४,६६५ | - | - |
| स्थगन कर दायित्व | ४.९ | १३२,२३६ | ९८,६९८ | ७२,५३८ |
| अन्य दायित्वहरु | ४.१३ | ५७२,३७७ | ८१९,२१७ | ६०५,५९० |
| **कुल दायित्व** | | **१२०,९७४,५२४** | **१०५,६२७,०३१** | **७९,१२९,८०२** |
| <u>पूँजी</u> | | | | |
| शेयर पूँजी | ४.१४ | १६,८५१,५०० | १६,५६०,९०० | १६,३५९,७०० |
| संचित मूनाफा | ४.१५ | - | - | - |
| जगेडा तथा अन्य कोषहरु | ४.१६ | १५,७१०,२७८ | १४,५७६,२१८ | १२,५२०,०४० |
| **कुल पूँजी** | | **३२,५६१,७७८** | **३१,१३७,११८** | **२८,८७९,७४०** |
| **कुल पूँजी तथा दायित्व** | | **१५३,५३६,३०२** | **१३६,७६४,१४९** | **१०८,००९,५४१** |

अनुसूची ४.१ देखि ४.२४ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन् ।

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

चुडामणी पाण्डे
कार्यकारी अधिकृत

अमृतकान्त पण्डित
कोषाध्यक्ष

कपिल घिमिरे
लेखा समिति संयोजक

शान्ता पाण्डे
सचिव

मिलनराज घिमिरे
अध्यक्ष

राम प्रसाद शर्मा सिग्देल
लेखापरिक्षक

**मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**गैडाकोट नगरपालिका वार्ड न. ४, नवलपरासी (ब.सु.पूर्व)**

**नाफा (नोक्सान) हिसाबको बिबरण**

२०८० श्रावण १ देखि ३१ आषाढ २०८१ सम्मको

| बिबरण | लेखा टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **बित्तिय कारोबारबाट आम्दानी (खर्च)** | | | |
| ब्याज आम्दानी | ४.१७ | १६,६५०,४५०.४८ | १५,३२८,३८१.४३ |
| ब्याज खर्च | ४.१८ | ९,३१९,०४६.६६ | ७,८९९,१९४.३१ |
| **बित्तिय कारोबारबाट खुद आम्दानी (खर्च)** | | **७,३३१,४०३.८२** | **७,४२९,१८७.१२** |
| शुल्क तथा कमिशन आम्दानी | ४.१९ | ५२,१७२.०९ | १०६,४६६.४५ |
| शुल्क तथा कमिशन खर्च | | | |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | **५२,१७२.०९** | **१०६,४६६.४५** |
| **खुद ब्याज शुल्क तथा कमिशन आम्दानी** | | **७,३८३,५७५.९१** | **७,५३५,६५३.५७** |
| अन्य सञ्चालन आम्दानी | ४.२० | ७७१,९२८.९३ | १,२४५,१३१.०९ |
| **कुल संचालन आम्दानी** | | **८,१५५,५०४.८४** | **८,७८०,७८४.६६** |
| ऋण नोक्सानी व्यवस्था (फिर्ता) | ४.२१ | ३५०,०००.०१ | ५६०,५५३.६० |
| **खुद सञ्चालन आम्दानी** | | **७,८०५,५०४.८३** | **८,२२०,२३१.०६** |
| कर्मचारी खर्च | ४.२२ | २,७४६,४७२.८० | २,५५७,६७१.४० |
| अन्य संचालन खर्च | ४.२३ | १,१७५,०६३.३१ | १,२०२,७४०.२८ |
| ह्रास कट्टि र परिषोधन | ४.७ | ४०४,१०२.४३ | ३१७,१६१.३९ |
| **संचालन मुनाफा (नोक्सानी)** | | **३,४७९,८६६.२९** | **४,१४२,६५७.९८** |
| गैर सञ्चालन आम्दानी | | - | |
| गैर सञ्चालन खर्च | | - | - |
| कर्मचारी वोनश खर्च | | २८४,०७०.१६ | ३५८,६७४.७४ |
| **आयकर अघिको मूनाफा** | | ३,१९५,७९६.१४ | ३,७८३,९८३.२४ |
| **आय कर खर्च र (आम्दानी)** | | | |
| यस बर्षको कर ब्यबस्था | | २९७,११५.८५ | १७९,३३७.३७ |
| स्थगन कर खर्च (आम्दानी) | ४.९ | ३३,५३८.२५ | २६,१५९.९९ |
| **यस वर्षको नाफा (नोक्सान)** | | **२,८६५,१४२.०३** | **३,५७८,४८५.८८** |
| **अन्य विस्तृत आम्दानी अर्को अवधिमा नाफा वा नोक्सानमा पून: वर्गीकृत गर्नू नहूने** | | **२,८६५,१४२.०३** | **३,५७८,४८५.८८** |
| पोष्ट रोजगार परिभाषित लाभ योजनाहरूमा (घाटा)/लाभको पूनर्मापन | | | |
| अन्य विस्तृत आम्दानी मार्फत इक्विटी उपकरणहरू | | | |
| समायोजन (पून: मुल्याङ्कन कोष) | | | |
| **कूल अन्य विस्तृत आम्दानी** | | **२,८६५,१४२.०३** | **३,५७८,४८५.८८** |

| चेतमणि पाण्डे | अमृतकान्त पण्डित | कपिल घिमिरे | शान्ता पाण्डे | मिलनराज घिमिरे | राम प्रसाद शर्मा सिग्देल |
|---|---|---|---|---|---|
| कार्यकारी अधिकृत | कोषाध्यक्ष | लेखा समिति संयोजक | सचिव | अध्यक्ष | लेखापरिक्षक |

## मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड
गैडाकोट नगरपालिका वार्ड न. ४, नवलपरासी (ब.सु.पूर्व)

### खुद नाफा / नोक्सान बाँडफाँड हिसाब
श्रावण १, २०८० देखि आषाढ ३१, २०८१ सम्म

| विवरण | | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| यस आ.व.को नाफा/नोक्सान | | २,८६५,१४२ | ३,५७८,४८६ |
| पाउन बाँकी ब्याज (NFRS) | | (३५५,०९५) | (२२३,८३०) |
| NFRS समायोजन | | - | - |
| यस आ.व.को नाफा/नोक्सान (बाँड फाँड योग्य) | | २,५१०,०४७ | ३,३५४,६५६ |
| साधारण जगेडा कोष | २५% | ६२७,५११.८७ | ८३८,६६४ |
| साधारण जगेडा कोष पछिको रकम | | १,८८२,५३६ | २,५१५,९९२ |
| संरक्षित पुंजी फिर्ता कोष | २५.०% | ४७०,६३४ | ६२८,९९८ |
| सहकारी प्रवर्धन कोष | ०.५% | ९,४१३ | १२,५८० |
| अन्य कोषहरुमा वितरण योग्य रकम | १००.०% | १,४०२,४८९ | १,८७४,४१४ |
| शेयर लाभांश कोष | ७०% | ९८१,७४२.३२ | १,३१२,०८९.७८ |
| सहकारी संस्था बिकास कोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| सामुदायिक विकास कोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| घाटा पूर्तिकोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| स्थिरीकरण कोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| सहकारी सदस्य शिक्षा कोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| अन्य जोखिम कोष | ५% | ७०,१२४.४५ | ९३,७२०.७० |
| जम्मा | | २,५१०,०४७ | ३,३५४,६५६ |

चुडामणी पाण्डे
कार्यकारी अधिकृत

अमृतकान्त पण्डित
कोषाध्यक्ष

कपिल घिमिरे
लेखा समिति संयोजक

शान्ता पाण्डे
सचिव

मिलनराज घिमिरे
अध्यक्ष

राम प्रसाद शर्मा सिग्देल
लेखापरिक्षक

# मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## गैडाकोट नगरपालिका वार्ड न. ४, नवलपरासी (ब.सु.पूर्व)

### नगद प्रवाह विवरण

श्रावण १, २०८० देखि आषाढ ३१, २०८१ सम्म

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सञ्चालन गतिविधिबाट नगद प्रवाह | | |
| आयकर अघिको मुनाफा | २,८६५,१४२ | ३,५७८,४८६ |
| समायोजन | | |
| ह्रास कट्टी | ४०४,१०२ | ३१७,१६१ |
| स्थगन कर | ३३,५३८ | २६,१६० |
| ऋण नोक्सानी व्यवस्था/फिर्ता (गैह्र नगद खर्च) | - | - |
| कार्यगत पूंजीको समायोजनः | | |
| ऋण लगानी तथा सापटीमा कमी (बृद्धि) | (१०,०२९,३१८) | (११,३६१,०९२) |
| अन्तिम मौज्दातमा कमी/बृद्धि | - | - |
| चालु आयकर सम्पत्तिमा कमी (बृद्धि) | २०,६४४ | (७,४७७) |
| अन्य सम्पत्ति कमी (बृद्धि) | १,४७८,७३० | १५,६८२ |
| चालु आयकर दायित्व बृद्धि (कमी) | ९४,६६५ | - |
| अन्य दायित्वमा बृद्धि (कमी) | (२४६,८४१) | २१३,६२७ |
| सदस्यहरुवाट संकलन गरेको वचत मा बृद्धि (कमी) | १५,४६६,१३० | २६,२५७,४४२ |
| स्थगन कर दायित्व बृद्धि (कमी) | - | - |
| सञ्चालनबाट प्राप्त नगद | १०,०८६,७९३ | १९,०३९,९९१ |
| कुल सञ्चालन गतिविधिबाट नगद प्रवाह | १०,०८६,७९३ | १९,०३९,९९१ |
| लगानी गतिविधिको नगद प्रवाह | | |
| सम्पत्ति तथा उपकरणको बिक्रि (खरिद) | (७८९,८४७) | (४१३,६५०) |
| छाता संघ तथा वित्तीय संस्थामा रहेको मौज्दात कमी (बृद्धि) | (३,२०५) | (४,७९५) |
| ख्याती र अमुर्त सम्पत्तिको खरिद | - | - |
| कुल लगानी गतिविधिको नगद प्रवाह | (७९३,०५२) | (४१८,४४५) |
| वित्तिय गतिविधिको नगद प्रवाह | | |
| शेयर लांभाश भुक्तानी तथा खर्च | (१,२८९,८९२) | (१,१६८,७३३) |
| अन्य कोष | (४४१,१८९) | (३५३,५७५) |
| चूक्ता शेयर पूँजीमा भएको वृद्धि (बोनस शेयर बाहेक) | २९०,६०० | २०१,२०० |
| तिर्न बाँकी ऋण सापटीमा बृद्धि (कमी) | - | - |
| कुल वित्तिय गतिविधिबाट नगद प्रवाह | (१,४४०,४८१) | (१,३२१,१०८) |
| नगद तथा नगद समानमा भएको खुद बृद्धि (कमी) | ७,८५३,२५९ | १७,३००,४३८ |
| नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर | - | - |
| सुरु मौज्दात रहेको नगद तथा नगद समान | २९,०९५,७८७ | ११,७९५,३४९ |
| ३१ आषाढ २०८१ मा रहेको नगद तथा नगद समान | ३६,९४९,०४६ | २९,०९५,७८७ |

चेडामणी पाण्डे
कार्यकारी अधिकृत

अमृतकान्त पण्डित
कोषाध्यक्ष

कपिल घिमिरे
लेखा समिति संयोजक

शान्ता पाण्डे
सचिव

मिलनराज घिमिरे
अध्यक्ष

राम प्रसाद शर्मा सिग्देल
लेखापरिक्षक

# मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड
गैडाकोट नगरपालिका वार्ड न. ४, नवलपरासी (ब.सु.पूर्व)

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण
श्रावण १, २०८० देखि ३१ आषाढ ,२०८१ सम्म

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | सहकारी प्रवर्द्धन कोष | संरक्षित पूजी फिर्ता कोष | अन्य कोषहरु | एन.एफ.आर.यस समायोजन कोष | ब्याज समायोजन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| साउन १, २०७९ सालको मौज्दात | १६,३५९,७०० | ६,०७४,०१८ | ५०,४९३ | ५६०,२७५ | ५,११८,०४८ | | | २८,१६२,५३४ |
| एन.एफ.आर.यस समायोजन र पूनः वर्गीकरण | - | - | - | - | | (२६,२३२) | ७४३,४३८ | ७१७,२०६ |
| साउन १, २०७९ सालको समायोजित | १६,३५९,७०० | ६,०७४,०१८ | ५०,४९३ | ५६०,२७५ | ५,११८,०४८ | (२६,२३२) | ७४३,४३८ | २८,८७९,७४० |
| शेयर जारी | ७८५,४०० | | | | | | | ७८५,४०० |
| यस वर्षको मुनाफाबाट | - | ८३८,६६४ | १२,५८० | ६२८,९९८ | १,८७४,४१४ | - | - | ३,३५४,६५६ |
| कोषमा सारिएको रकम | - | - | - | - | | - | - | २६७,५०० |
| शेयर/कोषबाट फिर्ता गरिएको रकम | (५८४,२००) | - | - | (५६०,२७५) | (१,२२९,५३३) | - | - | (२,३७४,००८) |
| एन.एफ.आर.यस समायोजन | - | - | - | - | - | - | २२३,८३० | २२३,८३० |
| लांभाश भुक्तानी | | | | | | | | - |
| आषाढ ३१, २०८० सालको मौज्दात | १६,५६०,९०० | ६,९१२,६८२ | ६३,०७३ | ६२८,९९८ | ६,०३०,४२९ | (२६,२३२) | ९६७,२६८ | ३७,१६७,५४७ |
| साउन १, २०८० सालको मौज्दात | १६,५६०,९०० | ६,९१२,६८२ | ६३,०७३ | ६२८,९९८ | ६,०३०,४२९ | (२६,२३२) | ९६७,२६८ | ३७,१६७,५४७ |
| शेयर कोषमा बृद्धि | ६१४,६०० | | | | | | | ६१४,६०० |
| यस वर्षको मुनाफाबाट | - | ६२७,५१२ | ९,४१३ | ४७०,६३४ | १,४०२,४८९ | - | - | ३,९१२,५३७ |
| कोषमा सारिएको रकम | - | - | - | - | - | - | - | २३७,७०० |
| शेयर/कोषबाट फिर्ता गरिएको रकम/खर्च | (३२४,०००) | - | | (६३८,८८९) | (१,३२९,८९२) | - | - | (३,६२२,६७३) |
| एन.एफ.आर.यस समायोजन | - | - | - | - | - | - | ३५५,०९५ | ३५५,०९५ |
| लांभाश भुक्तानी | - | - | - | - | - | - | | - |
| स्थगन कर समायोजन | | | | | | | | - |
| आषाढ ३१, २०८१ सालको मौज्दात | १६,८५१,५०० | ७,५४०,१९४ | ७२,४८५ | ४६०,७४३ | ६,३४०,७२६ | (२६,२३२) | १,३२२,३६३ | ३८,९०२,५०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| चुडामणी पाण्डे<br>कार्यकारी अधिकृत | अमृतकान्त पण्डित<br>कोषाध्यक्ष | कपिल घिमिरे<br>लेखा समिति संयोजक | शान्ता पाण्डे<br>सचिव | मिलनराज घिमिरे<br>अध्यक्ष | राम प्रसाद शर्मा सिग्देल<br>लेखापरिक्षक |

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

**कपिल घिमिरे**
**संयोजक**

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू, अतिथि वर्ग,सहकारीकर्मी मित्रहरु,
संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति
विभिन्न उप-समितिका साथीहरु एवं आदरणीय सदस्य महानुभावहरु,

सर्वप्रथम यस मुना बचत तथा ऋण सहकारी संस्था लि.को गत बर्ष सम्पन्न ८ औं बार्षिक साधारण सभाबाट मलाई संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजक पदमा निर्विरोध निर्वाचित गर्नुभएकोमा सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । लेखा सुपरिवेक्षण समितिकोसंयोजकको हैसियतले आजको यस सम्मानीत नवौं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हर्षित छु । मुना वचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक कारोबारहरुको आन्तरिक लेखा परिक्षण गर्न हामीलाई दिनु भएको जिम्मेवारी यथा सम्भव पुरा गर्ने प्रयास गरेका छौ । आर्थिक वर्ष २०८०/०८१ मा पनि हामीले हाम्रो जिम्मवोरी बमोजिम  त्रमैासीक रुपमा वित्तीय काराबोरहरुको परिक्षण, नगदको भौतिक परिक्षण, सञ्चालक समितिका निर्णयहरु,सहकारी विभागबाट जारी ऐन, नियमावली, परिपत्र,निर्देशन तथा त्यसको कार्यान्वयनको सुपरिवेक्षण, ऋण फाइल तथा बिल भरपाई, भौचरहरु जस्ता महत्वपुर्ण क्षेत्रको अध्ययन गर्दा सुधार उन्मुख हुदै आएको पाएका छौ । संस्थाको वित्तीय पक्षलाई पारदर्शि, चुस्त दुरुस्त र विश्वसनिय बनाउन हाम्रो प्रयास सहयोगी हुने हामीले विश्वास लिएका छौ । लेखा सुपरिवेक्षण समितिलाई सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने व्यवस्था गरको  र सहकारी मापदण्ड २०६८ को दफा ११ (४) को अनसुची-२ अनुसार लेखा समितिको प्रतिवेदन ढाँचा समेत उल्लेख गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरको छ । सोही व्यवस्था अनुसार यस संस्थाको लेखा सुपरिवेक्षण समितिले वार्षिक प्रतिवेदन आजको सम्मानित नवौं साधारण सभा समक्ष प्रस्तुत गर्न चाहान्छौं ।

**अध्यक्ष महोदय,**

अब म यस सम्मानीत नवौं बार्षिक साधारण सभा समक्ष संस्थाको आ.ब. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. अघिल्लो साधारण सभााको निर्णय कार्यान्वयनको अवस्था :**

गत बर्ष मिति २०८० पौष २७ गते शुक्रबारका दिन संस्थाको ८औं बार्षिक साधारण सभा सम्पन्न भएको थियो । उक्त साधारण सभाले मिलनराज घिमिरेको अध्यक्षतामा पन्ध्र सदस्यीय सञ्चालक समिति र म कपिल घिमिरेको संयोजकत्वमा तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित गर्दै सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र लेखा परिक्षकबाट प्रस्तुत बार्षिक प्रतिवेदनहरु, लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन लगायत विभिन्न १३ वटा निर्णयहरु पारित गरेको जानकारी गराउन चाहन्छु । गत साधारण सभाबाट गरिएका अधिकांश निर्णयहरु कार्यान्वयन गरिएको र केही निर्णयहरु कार्यान्वयन गर्ने प्रयास गरेको पाईन्छ ।

**२.आ.ब.२०८०/०८१ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

संस्थाको गत आर्थिक बर्ष २०८०/०८१ मा सञ्चालक समितिको बैठक १४ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक ४ पटक तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक २ पटक बसेको छ । गत आ.ब.मा संस्थाको उप-समितिहरुको बैठक बढीमा तीन पटक मात्र बस्ने गरेको छ भने ऋण उप-समितिको बैठक भने १५ पटक बसेको छ । सञ्चालक समितिको बैठकमा निर्णयहरु सर्वसम्मत पारित गरेको र पारित भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाईयो भने केही निर्णयहरु कार्यान्वयन गर्ने प्रयास भएको देखियो ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थामा लागू रहेको ऋण व्यवस्थापन नीति २०७७ बमोजिम संस्थाले ऋण लगानी गरेको छ । संस्थाको ऋण नीति बमोजिम ऋणहरु लगानी गर्दा अचल सम्पत्ति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो । रू. २ लाख सम्म प्रमुख कार्यकारी अधिकृतबाट, रू. १० लाख सम्म ऋण उप-समितिबाट स्वीकृत गर्ने गरी सञ्चालक समितिबाट अख्तियारी प्रदान गरे को र सोभन्दा बढीको कर्जा ऋण उप-समितिको सिफारिसमा सञ्चालक समितिबाट स्वीकृत गर्ने नीतिगत व्यवस्था रहेको पाईयो र लगानी भएका सम्पूर्ण ऋण हरु सञ्चालक समितिको बैठकबाट अनुमोदन भएको पाइयो । साथै रु. १० लाख भन्दा बढीको ऋण माग सम्बन्धमा बाह्य धितो मूल्यांकनकर्ताबाट धितोमूल्यांकन गराउने गरेको पाईयो भने १० लाख भन्दा कम ऋण माग भएमा संस्थाको ऋण उपसमितिबाट धितो मूल्याङ्कन गर्ने गरको पाईयो । धितोहरु मालपोत कार्यालयमा दृष्टिबन्धक पारित गरेको पाइयो । संस्थाका सञ्चालकहरु मध्ये एकै समयमा उनान्पचास प्रतिशत भन्दा बढी सञ्चालकहरुले ऋण कारोबार गरेको पाइएन ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**

संस्था सहकारी ऐन नियम अनुसार नै सञ्चालन गरेको पाइयो । साथै सहकारी विभागबाट सहकारी संघसंस्थाहरुलाई जारी गरेको सहकारी मापदण्ड तथा समय समयमा जारी भएका निर्देशनहरु पालना गर्ने प्रयास गरेको पाइयो । साथै सहकारी विभागबाट लागू गरेको कोपोमिस प्रणालीमा आवद्ध भई नियमित रुपमा प्रतिवेदनहरु प्रविष्टी गर्ने र सदस्यहरुको विवरण भर्ने कार्य गरेको पाइयो । त्यसैगरी सहकारी संस्थाहरुलाई सहकारी विभागद्धारा जारी सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ। संस्थाका सदस्यहरुको व्यक्तिगत विवरणहरु अध्यावधिक गर्ने कार्य निरन्तर भईरहेको र कारोबार सम्बन्धी प्रतिवेदनहरु कार्यान्वयन अधिकारीले नियमित टिटिआर, एसटिआर रिपोर्ट सम्बन्धित निकायमा पठाउने गरेको पाइयो ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :**

गत आर्थिक बर्ष २०८०/०८१ मा सहकारी विभाग, कुनैपनि नियामक निकाय र संघहरुबाट यस संस्थाको अनुगमन गरेको पाइएन ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

संस्थाका अध्यक्ष तथा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति, उप-समितिहरुले बैठक भत्ता तथा अन्य सुविधा नलिएको । तर चालु आर्थिक वर्षको लागी सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको लागि रु ५०० बैठक भत्ताको लागि निर्णय भएको पाईयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

संस्थाले साधारण सभाबाट प्रत्यायोजित अख्तियार बमोजिम सञ्चालक समितिले मानव शंसाधन नीति बनाई लागू गरेको छ । मानव संशाधन नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने गरेको पाइयो । संस्थाका सबै कर्मचारीहरुलाई मानव शंसाधन नीति बमोजिम नियुक्ति पत्र प्रदान गरेको र जिम्मेवारी प्रदान गरेको पाईन्छ । कार्यरत कर्मचारीबीच नीति बमोजिम जिम्मेवारी बाँडफाँड गर्ने गरेको पाईन्छ । संस्थामा लागू रहेको मानव शंसाधन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुमा रहेको छ । हाल संस्थामा स्थायी ८ जना कार्यरत कर्मचारी रहेका छन् ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**

लेखा सुपरिवेक्षण समितिले गत साधारण सभाको प्रतिवेदन मार्फत केही सुझावहरु दिईएको थियो । दिईएको सुझाव अनुसार संस्थाले नवीन प्रविधिलाई अपनाउदै संस्थाबाट उपलब्ध गराएको मोबाईल बैकिङ्ग सेवामा क्यू.आर. पे लगायतको सेवा थप गरेको पाईयो । संस्थाले प्रविधिलाई अंगाल्दै दैनिक बचत ट्याब्लेट मार्फत सङ्कलन गर्ने व्यवस्था शुरु गरेको छ । शेयर सदस्यहरुको सदस्य पहिचान (KYM) फाराम भरि व्यवस्थित गर्ने सुझाव गरेकोमा सो को कार्यान्वयन भएको पाइयो । सहकारी ऐन तथा नियमावली एवं संस्थाको विनियम बमोजिम आन्तरिक कार्यविधि बनाई संस्थाका गतिविधिहरु सञ्चालन गर्न सुझाव गरेकोमा सो को कार्यान्वयन तर्फ १३ वटा आन्तरिक कार्यविधि तयार भई लागू भएको तथा ७ वटा आन्तरिक कार्यविधि निर्माणधिन रहेका अन्तिम चरणमा पुगेको पाईयो ।

**९. लेखा सुपरिवेक्षण समिमतिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

लेखा सुपरिवेक्षण समितिले समय समयमा संस्थाको निरिक्षण अनुगमन गर्ने गरेको छ । समितिले अनुगमनको क्रममा संस्थाको भईरहेको गतिविधिहरु, ढुकुटीमा रहेको नगद, विभिन्न उप-समितिहरुको निर्णय पुस्तिका, ऋण लगानीका फाईलहरु, आर्थिक कारोबारका भौचरहरु लगायत अन्य गतिविधिहरुको पनि निरिक्षण अनुगमन गर्ने गरेकोछ । अनुगमनका क्रममा संस्थाको गतिविधिहरु सन्तोषजनक नै देखियो । संस्थाका उप-समितिहरुको आफ्नो वार्षिक कार्यक्रमहरु सञ्चालन गर्न उप-समितिहरुलाई अझ बढी क्रियाशील बनाउनुपर्ने देखिन्छ ।

- संस्थाले सम्पुर्ण आर्थिक कारोवार प्रचलित दोहोरो लेखा प्रणाली अन्तर्गत कोर बैकिङ सफ्टवेयर प्रणालीको माध्यमबाट स्पष्टसँग राखिएको छ ।
- स्थिर सम्पत्तिको मुल्यमा विगतमा जस्तै ह्रासकट्टी गरी खुद बाँकी रकम देखाईएको छ भने लेखा सम्बन्धि शिर्षकहरु लेखा नीति अन्तर्गत रहि स्पष्टसँग राखिएको छ ।
- संस्थाबाट सम्पादन हुने दैनिक आर्थीक कारोवारहरुको सोहि दिन हिसाव चेकजाँच र प्रमाणित गरि दैनिक कारोवार बन्दी गर्ने कार्य अनिवार्य रुपमा गरिएको पाईयो ।
- सहकारी ऐन,नियमावली र संस्थाको स्वीकृत विनियम बमोजिम कोषहरुको विभाजन गरेको पाईयो ।
- संस्थाले शेयर सदस्य विस्तार र पुंजी बृद्धिका लागि प्रयासरत रहेको देखिएको छ ।
- संस्थाको हरेक हिसाव किताव पारदर्शी, नियम संगत र चुस्त दुरुस्त राखिएको छ ।

## १०. लेखा सुपरिवेक्षण समितिका सुझावहरु :

- संस्थाको उप-समितिहरुलाई क्रियाशील बनाई बार्षिक कार्यक्रमहरु सक्रियता पूर्वक सञ्चालन गर्नुपर्ने ।

- सदस्यहरुको सुझाव तथा गुनासो व्यवस्थापन गर्न हरेक सञ्चालक समितिको बैठकमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने ।

- नियमित रुपमा शिक्षा शिविर लगायत सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

- संस्थाको वित्तिय आधार नै सदस्यहरुको शेयर पुंजी र बचत रकम भएकोले शेयर र बचत वृद्धिको योजना बनाइ कार्यान्वयन गर्न सुझाव गरिन्छ ।

- भाखा नाघेको ऋण लाई असुल गरी न्युनिकरण गर्नुपर्ने । बचत र ऋणको अनुपातिक अवस्था मिलाउन संचालक समितिले विशेष पहल गर्नु हुन सुझाव गरीन्छ ।

- कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन अर्धवार्षिक वा वार्षिक रुपमा गरी आवधिक गर्दै जान सुझाव गरिन्छ ।

- सदस्य शिक्षा शिविरको माध्यमवाट सदस्यहरु लाई वित्तिय साक्षरता, व्यवसायिक योजना, बचत तथा ऋणको सहि सदुपयोग र त्यसबाट प्राप्त गर्न सकिने उपलब्धिहरुको बारेमा शिक्षा दिन सुझाव गरिन्छ ।

- संस्थाको विकास र उन्नति गर्दै अघि बढ्नको लागि गैर वित्तीय सेवा अन्तर्गत सामाजिक सरोकारका क्रियाकलापहरुको कार्यान्वयनको तहमा सञ्चालक समिति र उप-समितिको संलग्नता बढाउनु हुन सुझाव गरिन्छ ।

- सहकारी ऐन, नियमावली, विनियम मुल्य मान्यता भित्र रहि दैनिक कामकारवाही सञ्चालन गर्नुहुन साथै आवश्यकता अनुसार विनियम, नीति नियम, कर्मचारी आर्थिक प्रशासनिक नियमावलि, आचार संहिता आदि आवश्यक नीति नियम संसोधन गर्दै संस्था विकास गर्दै लैजानको लागि सुझाव गरिन्छ ।

- सहकारी मापदण्ड २०६८ अनुसारको पर्ल्स सिद्धान्त अपनाई आर्थिक विश्लेषण गर्न सुझाव गरिन्छ ।

- हाल समग्र वित्तिय क्षेत्र डिजिटल बैकिङ्ग तर्फ आकर्षित भईरहेको र संस्था पनि डिजिटल

बैकिङ्ग तर्फ उन्मुख भईरहेको अवस्थामा थप जोखिमहरु समेत बढ्न सक्ने हुदा आवश्यक सावधानी एव्म सुरक्षा प्रवन्ध गर्दै प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

➢ प्रत्येक आर्थिक बर्ष समाप्त हुनु अघि नै आउने आर्थिक वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा विस्तारित बैठकवाट विभिन्न व्यवसायिक आधारहरुमा व्यापक छलफलद्धारा योजना तर्जुमा गर्नका लागि सुझाव छ ।

अन्त्यमा,संस्थाले बचत तथा कर्जा कारोबार तर्फ अपेक्षित प्रगति हासिल गर्नमा सफल देखिन्छ । संस्थाको वित्तिय अवस्था दिन प्रति दिन मजबुद हुदैं गएको देखिन्छ तापनि केहि ऋण जोखिमयुक्त समेत देखिएका छन् । यसलाई निरन्तर सुधारका प्रयत्न हुन आवश्यक छ । संस्थागत चुनौतिहरुलाई अवसरमा परिणत गर्दै विस्तारै तर क्रमिक रुपमा झनबढि मजवुत हुदै संस्था अगाडी बढाउन सञ्चालक समिति र व्यवस्थापन लागी परेको पाईयो । यसमा संस्थाका संचालक, व्यवस्थापन तथा कर्मचारीको अथक परिश्रमको महत्वपुर्ण भूमिका रहदै आएको छ । लेखा समितिले संचालक समितिका अध्यक्षज्यू लगायत सवै पदाधिकारी सदस्यज्यूहरुको संस्थाप्रतिको समर्पण भावलाई उच्च मुल्याङ्कन गरेको छ । संस्थाका कर्मचारीहरु पनि सिमित सुविधामा उत्प्रेरित भई बढी परिश्रम गरिरहेको पाएका छौं ।

कारोवारको विस्तारीत अवस्थालाई हेर्दा जोखिम न्यूनिकरणका लागी सधै सजग हुनु जरुरी छ । संस्थाले आफ्ना क्रियाकलापहरुलाई पारदर्शी, नियमसंगत र विश्वसनीय वनाउन संस्थाका संचालक समिति तथा व्यवस्थापनलाई अझवढी सजग भई कार्य गर्न अनुरोध का साथ सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पनि संस्था प्रति चनाखो भई सधैं सकरात्मक एवम् रचनात्मक सुझावहरु उपलब्ध गराउन आव्हान गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

धन्यवाद ! नमस्कार ! जय सहकारी ।

संयोजक :– श्री कपिल घिमिरे
सदस्य :- श्री भूमिका तिमिल्सिना
सदस्य :- श्री अशोक तिवारी

# ऋण उप-समितिको प्रतिवेदन

**मेनुका घिमिरे**
**संयोजक**

यस संस्थाको गरिमामय नवौं साधारण सभाका सभाध्यक्ष यसै संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु,संस्थाका पूर्व अध्यक्षज्यूहरु, सल्लाहकार ज्यूहरु,शुभेच्छुक प्रेरणादायी व्यक्तित्वज्यूहरु,वर्तमान सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समितिका सहकर्मी साथीहरु विभिन्न उप-समिति एवम् कार्यदलका संयोजक तथा सदस्य साथीहरु र शेयर सदस्य महानुभावहरुमा ऋण उप–समितिको संयोजकको तर्फवाट हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहान्छु ।

बचत तथा ऋण सहकारी सस्था स्थापनाको प्रमुख उद्देश्य,स्थानीय स्तरमा छरिएर रहेका सानो–सानो पूँजीलाई बचतको माध्यम बाट एकीकृत गरी आफ्नै सदस्यको विभिन्न आवश्यकता पुरा गर्नका लागि तथा सदस्यहरुको जीवनस्तर उकास्नका लागि विभिन्न उद्देश्यमा ऋण लगानी गर्नु भन्ने बुझिन्छ । विभिन्न उद्देश्यका ऋण  परिचालनबाट संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथी उठाउदै आत्मनिर्भरता  वढाउने उद्देश्य लिई आफ्नो प्रयासले वि.स. २०५७ सालमा यस संस्थाको स्थापना गरिएको हो । संस्थागत बचत तथा संस्थागत ऋण लगानीका बिषयमा प्रारम्भिक वित्तिय ज्ञान सिकाउने सन्दर्भमा सहकारीको महत्वपूर्ण योगदान रहेको हामी पाउन सक्छौं । वर्तमान अवस्थामा समाजका हरेक तह र तप्काका समुदायले सहकारीमा आफ्नो खाता खोली सहजै बैकिङ्क सुविधा लिन सकिरहेका छन् । जसले गर्दा परापुर्वकाल देखि समाजमा साहु महाजनबाट चर्को ऋणको व्याजदर,किर्ते तमसुक आदी माध्यम वाट शोषित हुदै आईरहेका अधिकाशं वर्गलाई राहत पुगेको देखिन्छ । सहकारी भने को हामी सदस्यहरुको एउटा साझा फुलवारी हो । यसलाई हुर्काउने फुलाउने तथा जगेर्ना गर्ने जिम्मेवारी पनि स्वयम हामी सदस्यहरुको नै हो । तसर्थ हामी शेयर सदस्यहरुले पनि आफ्नो भविष्य सुनिश्चित गर्नका लागि  समयमै बचत गर्ने साथै विभिन्न उद्देश्यमा संस्थावाट लिईएको ऋणको साँवा व्याज समयमा नै भुक्तानी गर्ने बानीको विकास गर्नु पर्दछ । संस्थाले आफ्ना सदस्यहरुलाई प्रवाह गरेको ऋणको साँवा व्याज समयमा नै भुक्तान नहुदा एकातिर सदस्यको आर्थिक भार बढ्न जान्छ भने अर्कोतिर भाखा नाघेको ऋणका कारण संस्थागत छवीमा

समेत प्रतिकुल असर पर्न जान्छ। तसर्थ संस्थाको मेरुदण्डको रुपमा रहेको ऋण विभागलाई सदैव चुस्त दुरुस्त राख्नुपर्ने हाम्रो अपरिहार्य आवश्यकता हो । तसर्थ ऋण संयोजकको हैसियतले म सदस्यहरुलाई के आग्रह गर्न चाहान्छु भने हरेक समय ऋणलाई आफ्नो जिवनस्तर माथी उठाउनको निम्ती ऋणको सदुपयोग समयमा नै गरौं । अनुत्पादक क्षेत्रमा आफ्नो लगानी क्रमश कम गर्दै जाऊ । भड्किलो जीवन शैलीलाई क्रमश घटाउदै लैजाऊ । जवसम्म सहकारीका माध्यमवाट सदस्यको जीवनशैलीमा गुणात्मक वृद्धि हुदैन तवसम्म सहकारीको स्थापनाको मूल मर्मले सार्थक पाएको मानिदैन । तसर्थ संस्थागत ऋण लिएर जीवनस्तर वृद्धि गर्न म सदस्य महानुभावहरुलाई अनुरोध गर्न चाहान्छु यसका लागि तपाई आफ्नो योजना बनाउनुहोस् तपाईको योजनालाई सहज रुपमा पूर्णता दिन सहकारी मार्फत हामी तम्तयार छौं ।

आफन्ो आर्थिक स्थितिको मल्याङ्कन गरि व्यवसायिक रुपमा संस्थाबाट ऋण उपभोग गरि जीवनस्तर वृद्धि गर्दै भाका समयमा नै आफुले लगेको ऋण भुक्तानी गर्ने उत्कृष्ट शेयर सदस्यलाई संस्थाले बेला बखत सम्मान समेत गर्दै आएको छ । तसर्थ सदस्यहरुलाई आत्मनिर्भर बनाई जीवन स्तर समतेको परिवर्तन होस भन्ने ध्येय यस सस्थाको रहेको छ । संस्थालाई वर्तमान अवस्था सम्म ल्याई पुऱ्याउनमा प्रवर्द्धक संस्था मुकुन्दसेन सामुदायिक विकास प्रतिष्ठानको महत्वपूर्ण योगदान रहेको कुरा सर्व विदितै छ। स्थापनाकाल देखि हालसम्म अनवरत रुपमा स्वयंसेवकको रुपमा कार्य गर्दै हाल सम्म नेतृत्वमा रहेर वा नरहेर सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा यस उप–समितिको तर्फबाट हार्दिक नमन गर्दछौं ।

आदरणीय शेयर सदस्य महानुभावहरु, यहाँहरु समक्ष म आर्थिक वर्ष २०८०/०८१ मा रहेको कुल ऋण लगानीलाई गत वर्षको ऋण लगानी सँग विश्लेषण गरी प्रस्तुत गर्न चाहान्छु । ऋण लगानीको अवस्था : आर्थिक वर्ष २०७९/०८० मा विभिन्न शिर्षकमा रहेको कुल ऋण लगानी १० करोड ४२ लाख ३८ हजार ६ सय ७९ रुपैया रहेकोमा यस आ.व.मा उक्त ऋण लगानीमा १२.६४ प्रतिशत वृदि भई कुल ऋण लगानी ११ करोड ४२ लाख ६२ हजार ९ सय ३ रुपैया रहेको भएता पनि NFRS Audit report मा ऋण लगानीबाट पाउनुपर्ने व्याज रकम जम्मा ऋणमा जोड गरी जोखिम कर्जा कोषको रकम घटाई शुद्ध ऋण रु ११ करोड २४ लाख १६ हजार ५ सय ९७ रुपैया देखिएको कुरा यस सभामा जानकारी गराउन चाहान्छु। जुन कुल सम्पत्तिको अनुपातमा ऋण लगानी ७४ प्रतिशत रहेको छ। PEARLS मापदण्ड अनुसार कुल सम्पत्तिको अनुपातमा ऋण लगानीको अनुपात ७०–८० प्रतिशत हनुपर्नेमा मापदण्डको परिधि भित्र रहेता पनि यस आर्थिक वर्षमा ऋण लगानीका क्षेत्रहरु पहिचान गरी ऋण लगानी वृद्धि गर्नु पर्ने देखिन्छ । ऋण लगानीको विश्लेषण तपशिल बमोजिम रहेको छ ।

| क्र.सं | विवरण | गत वर्षको ऋण लगानी | प्रतिशत | यस वर्षको ऋण लगानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि कर्जा | २,३२,७२,४४५।५९ | २२.३३% | ३,२९,०६,६०५।०० | २८.८०% |
| २ | व्यापारीक कर्जा | ७,७७,३९,१६४।६३ | ७४.५८% | ७,४९,९३,६९५।०० | ६५.६३% |
| ३ | बैदेशिक कर्जा | १४,७४,९३८।३६ | १.४१% | ४०,२४,७०३।०० | ३.५२% |
| ४ | हायर पर्चेज कर्जा | २,५४,६८२।२७ | ०.२४% | ३,३४,४०१।०० | ०.२९% |
| ५ | पेशागत ऋण | १४,९७,४४८।३९ | १.४४% | १८,०३,५१३।०० | १.५८% |
| ६ | आकस्मिक ऋण | – | – | १,९९,९८६।०० | ०.१८% |
| | जम्मा | १०,४२,३८,६७९।२४ | १०० % | ११,४२,६२,९०३।०० | १०० % |

**भाका नाघेको ऋण तथा ऋण सुरक्षण कोषको अवस्था :**

आर्थिक वर्ष २०७९/०८० मा भाका नाघेको ऋण २५ लाख ६६ हजार ६ सय ७५ रुपयाँ रहेको र कुल ऋण लगानीको अनुपातमा भाखा नाघेको ऋण २.४६ प्रतिशत रहेको थियो जसका लागि ऋण सुरक्षण कोषमा २८ लाख १८ हजार ६६८ रुपयाँ बराबर रकमको पूर्ण व्यवस्था गरिएकोमा यस आर्थिक वर्ष २०८०/०८१ मा भाखा नाघेको कुल ऋण २७ लाख ३५ हजार ८ सय रुपयाँ रहेको र कुल ऋण लगानीको अनुपातमा २.३९ प्रतिशत रहेको छ। जसमा १ वर्ष भन्दा वढी भाका नाघेको ऋण १६ लाख ८५ हजार ९ सय ५० रुपैयाँ र १ वर्ष भन्दा कम भाका नाघेको शंकास्पद ऋण १० लाख ४९ हजार ८ सय ५० रुपयाँ रहेको छ। जसका लागि कर्जा सुरक्षण कोषको व्यवस्था तपशिल बमोजिम रहेको छ।

| क्र.सं | ऋणको वर्गिकरण | रकम | जोखिम व्यवस्था दर | टजोखिम व्यवस्था |
|---|---|---|---|---|
| १ | असल ऋण | ११,१५,२७,१०३।०० | १% | ११,१५,२७१।०० |
| २ | शंकास्पद ऋण | १०,४९,८५०।०० | ३५% | ३,६७,४४७।०० |
| ३ | खराव ऋण | १६,८५,९५०।०० | १००% | १६,८५,९५०।०० |
| | जम्मा | ११,४२,६२,९०३।०० | | ३१,६८,६६८।०० |

**ऋण क्षेत्रलाई स्वस्थ बनाउनको लागि गरिएका गतिबिधिहरु :**

➢ संस्थाले सबैखालको ऋण लगानी गर्नु पूर्व ऋण माग गर्ने सदस्यको इमान्दारीता, लगनशिलता जस्ता पक्षलाई बिचार गरि निजको आम्दानी एवम् ऋण तिर्न सक्ने क्षमताको विश्लेषण गर्ने गरिएको छ।

- धितो ऋणको हकमा प्रयाप्त धितो सुरक्षण सहित पारिवारिक जमानत र बिना धितोको हकमा बचत एवम् धन जमानी राखी उत्पादनशिल र आयमुलक क्षेत्रलाई प्रथामिकता दिई ऋण लगानी गरिरहेको छ ।
- ऋणको व्याज मासिक रुपमा नियमित बुझाउने शेयर सदस्यहरुलाई कुल व्याजको १० प्रतिशत रकम छुट दिने व्यवस्था गर्ने गृहकार्यको अध्ययन सुरुवात गरिएको छ ।
- सञ्चालक समितिले/सञ्चालक/लेखा सुपरिवेक्षण समिति /ऋण उप-समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत र ति निकायमा सम्वद्ध व्यक्तिको चासो /हित जोडिएका सदस्यहरुलाई ऋण प्रवाह गर्दा ऋण उप-समितिको सिफारिसमा मात्र ऋण स्वीकृत गर्ने गरिएको छ ।
- संस्थाले घर जग्गा धितो राखि ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरको सदस्यको नाममा रहेको जायजेथा धितो राखेर मात्र ऋण लगानी गर्ने गरिएको ।
- संस्थावाट एकै अवधिमा संस्थाका सञ्चालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई ऋण लगानी गरिएको छैन ।
- शेयर सदस्यहरुले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोहि उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्ने कुराको सुनिश्चितताको लागि हप्ताको एक दिन ऋण सदपुयोगीता अनुगमन कार्यको छिट्टै सुरुवात गर्न अध्ययन कार्य अगाडि बढिरहेको छ ।
- ऋण लगेर समयमा व्याज,बचत र किस्ता तिर्न नआउने शेयर सदस्यहरुको घरदैलो कार्यक्रमबाट ऋण अनुगमन गर्ने गरिएको साथै दैनिक रुपमा कर्मचारीहरुवाट फोन मार्फत ऋण अनुगमन गर्ने कार्यलाई थप प्रभावकारी बनाईएको छ ।

**ऋण लिनको लागि न्यूनत्तम आधारहरु :**

- शेयर सदस्यले ऋण लिन सदस्य भएको ३ महिना अवधि पुगेको हुनुपर्दछ ।
- शेयर सदस्यले नियमित रुपमा बचत गरेको हुनुपर्ने छ ।
- शेयर सदस्य तथा उसका परिवारका अन्य सदस्यहरु वित्तिय संघ संस्थाहरुमा कालो सूचीमा नपरेको हुनुपर्नेछ ।
- ऋण माग गर्ने समयमा फौंजदारी अभियोग नलागेको हुनुपर्नेछ ।
- संस्थामा नीति परिवर्तन र संशोधनलाई मान्न तयार हुनुपर्नेछ ।

**ऋण लिदा आवश्यक पर्ने कागजातहरु :**

- संस्थाद्धारा तोकिएको ढाँचाको ऋण माग फारम भर्नुपर्ने ।
- जग्गा धनीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १प्रति,हालसालै खिचेको पासपोर्ट साईजको फाटो १ प्रति ।

- जग्गा धनी प्रमाण पत्र (लालपुर्जा) को सक्कल १ प्रति, चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपि १ प्रति ,धितो राख्ने जग्गाको चारकिल्ला प्रमाणित १ प्रति ।
- धितो राख्ने जग्गाको व्लुप्रिन्ट नक्शा १ प्रति ,ट्रेस नक्सा १ प्रति ,फाईल नक्शा १ प्रति ।
- घर परिवारका अन्य सदस्यको नाममा जग्गा भए जग्गा धनिको मञ्जुरीनामा ।
- धितो राखेर ऋण लिनेको घरवाट मञ्जुरीनामा ।
- आयस्रोत प्रमाणित कागजात
- व्यवसायिक तथा व्यापारिक ऋणको हकमा व्यवसाय दर्ता पम्राण पत्रको प्रतिलिपि, व्यवसायको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
- संस्थामा रहेको बचतको विवरण (स्टेटमेन्ट),बचत जमानत दिने सदस्यको संस्थामा रहेको बचतको विवरण ।
- दश लाख भन्दा बढी ऋण आवश्यक भएमा इजाजत पत्र प्राप्त संस्थावाट धितो मुल्याकंन गरिएको मुल्याकंन प्रतिवेदन ।

**ऋण लगानीका प्रक्रिया तथा अख्तियारी :**

- ऋण लगानीको आवश्यक कागजात पुरा भएपछि २ लाख रुपैया सम्म व्यवस्थापनवाट ३ दिन भित्र र २ लाख भन्दा बढि १० लाख सम्म ऋण उप-समितिवाट ७ दिन भित्र गरिनेछ ।
- १० लाख भन्दा माथिको ऋण लगानी ऋण उप-समितिको सिफारिसमा सञ्चालक समितिको स्वीकृती वमोजिम १५ दिन भित्रमा लगानी गर्ने गरिएको छ ।
- संस्थाले व्यक्तिले ल्याएको परियोजनाको सम्भाव्यता र सफलताको सम्भावनाको आधारमा प्रति व्यक्ति अधिकत्तम ३५ लाख सम्म १० वर्ष सम्मको भुक्तानी अवधि भएको ऋण लगानी गर्ने योजनामा रहेको छ ।
- संस्थाको ऋण लगानी शिर्षक र ऋण अवधि तथा भुक्तानी प्रकृति सम्वन्धि विवरणहरु निम्न वमोजिम उल्लेख गरिएको छ ।

| क.सं | ऋण शिर्षक | ऋण अवधि | किस्ता प्रकृति |
|---|---|---|---|
| १. | व्यवसायिक कर्जा | २ देखी १० वर्ष | मासिक/त्रैमासिक |
| २. | व्यापारिक कर्जा (विना धितो) | १ देखी २ वर्ष | मासिक |
| ३. | कृषि तथा पशुपालन कर्जा | २ देखी ८ वर्ष | मासिक/त्रैमासिक |
| ४. | शैक्षिक कर्जा | २ देखी ५ वर्ष | मासिक/त्रैमासिक |
| ५. | वैदेशिक रोजगार कर्जा | २ देखी ५ वर्ष | मासिक/त्रैमासिक |

| | | | |
|---|---|---|---|
| ६. | पेशागत कर्जा | १ देखी २ वर्ष | मासिक |
| ७. | हायर पर्चेज कर्जा | १ देखी २ वर्ष | मासिक |
| ८ | आकस्मिक ऋण | १ देखी ३ महिना | एकमुष्ट |

किस्ताको प्रकृति मासिक/त्रमैासिक भएता पनि ऋण लगानी गर्दा मासिक किस्तालाई प्राथमिकतामा राखी ऋण लगानी गर्दै आईरहेको कुरा सबैमा अवगत गराउन चाहान्छु ।

अन्त्यमा वर्ष भरिनै कुनै न कुनै तहमा संस्था सँग जोडिएर आफ्नो आर्थिक क्रियाकलाप गर्दै आउनुभयो । हामीलाई प्रत्यक्ष वा परोक्ष रुपमा संस्थाको आर्थिक हितमा सँग सँगै शेयर सदस्यज्यहूरुको हितको निमित्त  सहयागे पुर्‍याउनुहुने सबै प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।
जय सहकारी !  जय मुना सकोस !!

**ऋण लगानी उप–समिति**

संयोजक :- श्री मेनुका घिमिरे
सदस्य :- श्री सुर्य बहादुर खत्री क्षेत्री
सदस्य :- श्री देवी प्रसाद न्यौपाने

# शिक्षा उप-समितिको तर्फबाट

**हरि प्रसाद गौतम**
**संयोजक**

हाम्रो यस मुना बचत तथा ऋण सहकारी संस्था लि.को आज सम्पन्न हुन गईरहको नवौं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू,प्रमुख अतिथिज्यू,विशिष्ट अतिथिज्यूहरु, अतिथि गणहरु स्थानीय जनप्रतिनिधिज्युहरु,विभिन्न संघ संस्थाका अध्यक्ष तथा संस्थाका प्रतिनिधि महानुभावहरु,सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारी तथा सदस्य मित्रहरु,सल्लाहकार ज्यूहरु,उप-समिति तथा कार्यदलका संयोजक तथा सदस्य साथीहरु,पत्रकार, कर्मचारी तथा शुभेच्छुक महानुभावहरु, बाल बचत सदस्य भाईबहिनीहरु साथै शेयर सदस्य महानुभावहरु लगायत उपस्थित सम्पुर्ण सहकारी प्रेमी महानुभावहरु । यस गौरवपूर्ण क्षणमा अति व्यस्तताका बावजुत पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने तपाई सम्पूर्णमा मेरो व्यक्तिगत तथा शिक्षा उप-समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

यस गरिमामय ९औं वार्षिक साधारण सभामा शिक्षा उप-समितिको तर्फवाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु । शिक्षालाई नै विकास एवम् परिर्वतनको मुख्य मेरुदण्ड मानिने हुदा सहकारीमा पनि सहकारी शिक्षाले ठुलो भुमिका खेलेको हुन्छ जस्तो मलाई लाग्दछ । सहकारी शिक्षा मार्फत शेयर सदस्यहरुको आर्थिक,सामाजिक,सांस्कृतीक तथा सम्पूर्ण पक्षलाई रुपान्तरित गर्नलाई मद्यत पुर्‍याउनु सहकारी संस्थाको मुख्य दायित्व हुने हुदा त्यस्तो जिम्मेवारी शिक्षा उप समितिलाई रहेकोले सदस्य तथा समुदायको उन्नती र प्रगतिको आधारशिलाको रुपमा संस्थालाई प्रतिविम्वीत गर्दै संस्थाले दिएको जिम्मेवारी पूरा गर्नको लागि हामी दृढताका साथ लाग्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छौ । विगतका वर्षहरुमा वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावित महत्वपूर्ण कार्यक्रमहरुमा,नीतिगत अष्पष्टता, विषम परिस्थिती कोभिड तथा राष्ट्रिय आर्थिक संकट लगायत विविध कारणले पुरा गर्न असमर्थ रहदै आएकोमा त्यसको क्षमा माग्दै चालु आ.ब. देखी निरन्तर शिक्षा उपसमितिवाट सञ्चालन गरिने कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- सहकारी संस्थाको सञ्चालक समिति लाई आवश्यक प्रारम्भिक क्षमता अभिवृद्धि सम्बन्धि CUDCC (Credit Union Directors Competency Course) तालिम सञ्चालन गर्ने ।

- सञ्चालक समिति, लेखा समिति, उप समिति कर्मचारी लगायत शेयर सदस्य हरुलाई वित्तिय साक्षरता सम्बन्धि छलफल अन्तरक्रिया कार्यक्रम तथा तालिम सञ्चालन गर्ने ।
- सदस्य सन्तुष्टी सर्वेक्षण कार्यको व्यवस्थाका लागि पहल सुरुवात गर्ने ।
- नयाँ वर्षको अवसरमा सदस्यता भेटघाट तथा शुभकामना आदान प्रदान गर्ने ।
- शेयर सदस्यहरुलाई सहकारी शिक्षा वित्तिय साक्षरता तालिम आयोजना गर्ने ।
- सेवा क्षेत्र भित्रका टोलहरुमा मुना कार्यक्रमहरु सञ्चालन गर्ने
- कार्यरत कर्मचारीहरुको जिम्मेवारीगत क्षमता अभिवृद्धि तालिममा सहभागी गराउने ।
- ऋणी शेयर सदस्यहरुलाई ऋण शिक्षा तालिम सञ्चालन गर्ने ।
- मापदण्डका आधारमा शेयर सदस्यहरुलाई व्यवसायिक शिपमुलक तालिम सञ्चालन गर्ने ।
- सहकारी शिक्षा शिविर आयोजना गर्ने ।
- सदस्यहरुको जिवन शैली परिवर्तन तथा स्वास्थ्य संग सम्बन्धित समस्या समाधानका कार्यक्रम सञ्चालन गर्ने ।
- सहकारीको अवधारणा,सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि सहकारी सम्बन्धि तालिम सञ्चालन तथा अन्तरक्रिया, गोष्ठी सेमिनारको आयोजना गरिने ।
- संस्थाको सदस्य र गैर सदस्यहरुका वीचको फरकको बारेमा सदस्यलाई जानकारी दिने
- सदस्यहरुको आवश्यकतामा आधारित तालिमको पहिचान गरी आवश्यक तालिमका सन्दर्भ सामाग्री तथा पाठ्यक्रम विकास गर्ने तथा तालिम प्रदायक संघ संस्था संग समन्वय गरी तालिम सञ्चालन गर्ने
- अध्ययन अवलोकन भम्रण को योजना बनाई सञ्चालक समितिमा पेश गर्ने ।
- विद्यार्थी तथा बाल सदस्यहरुका लागि वक्तित्वकला कार्यक्रम, हाजिर जवाफकार्यक्रम तथा बाल भ्रमण योजना बनाई कार्यान्वयनमा ल्याउने
- ज्येष्ठ नागरिक बचत कर्ता सदस्यहरुलाई तिर्थाटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने

अन्त्यमा शिक्षा उप समिति ले सहकारीको अवधारणा,सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई जानकार रहिरहन तथा संस्थाको समुदाय स्तरमा पर्वद्धन तथा ख्याती वृद्धीमा विशेष पहल गर्नेछ संस्थाका शेयर सदस्यज्यूहरु , सल्लाहकारज्यूहरु ,सञ्चालक समिति, विभिन्न उप–समिति ,समुदायका प्रतिष्ठित महानुभावहरु एवम् कर्मचारीवर्ग सबैको निरन्तर साथ सहयोगको लागि हार्दिक आभार व्यक्त गर्दै आगामि दिनहरुमा पनि सकारात्मक तथा उचित सुझावको अपेक्षा गर्दे उपस्थित सवैलाई धन्यवाद । जय सहकारी ।

# सेवाकेन्द्र व्यवस्थापन उप-समितिको तर्फबाट

**नारायण घिमिरे**
**संयोजक**

गैंडाकोट वाड नं. ४ मा रहेको मुना वचत तथा ऋण सहकारी संस्था लि. को नवौं साधारण सभाका आदरणीय अध्यक्ष ज्यू, आजको केन्द्रविन्दु श्रद्धेय प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथीज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समिति र अन्य उप-समितिका सहकर्मी साथीहरु, पत्रकार मित्र एवम् यस कार्यक्रममा उपस्थित शेयर सदस्य आमा, बुबा, दाजुभाई तथा दिदी वहिनीहरु, कर्मचारी वर्ग एवम् यस संस्थालाई मनैदेखी माया गर्ने शुभचिन्तक महानुभावहरु सम्पूर्णमा यस संस्थाको सेवाकेन्द्र उप-समितीको तर्फबाट स्वागत एवम् सहकारी न्यानो अभिवादन व्यक्त गर्दछु ।

मुनाको प्रतिवद्धता वित्तिय आत्मनिर्भरताको मुल मन्त्र जप्दै सहकारी मूल्य, मान्यता र सिद्धान्तमा गुणस्तरीय सेवा, सामाजिक आर्थिक दिगो विकासका लक्ष्य प्राप्त कसरी गर्न सकिन्छ भन्ने उद्देश्यका साथ समाजमा छरिएर रहेका स-साना रुपैयालाई वचतको रुपमा विकास गर्दै समुदाय भित्र पर्न सक्ने जोखिम आर्थिक भारलाई समाधान गर्ने हेतुले सरल सहज तरिकावाट समाजमा रहेका व्यक्तिहरुको सुख दुःखमा साथ दिदै मुना साकोस २३ वर्ष अगाडी देखी गैडाकोट वाड नं. ४ मा संचालनमा छ । आजको दिनसम्म निरन्तर वर्षमा ३६५ दिन नै सेवा सुविधा प्रदान गर्दै अगाडी बढेको कुरा सबै शेयर सदस्यज्यूहरुलाई अवगत नै रहेको छ ।

शेयर सदस्य ज्यूहरुलाई छिटो छरितो सेवाकेन्द्रवाट पनि सेवा प्रदान गर्नुपर्ने आवश्यकता महसुस गरी मिती २०७३ साल फाल्गुन ११ गतेका दिनबाट संस्थाले सेवाकेन्द्र संचालनमा छ । २३ वर्ष अगाडीवाट संचालन गर्दै आएको मुकुन्दसेन साकोस र नारी कल्याण वचत तथा ऋण सहकारी संस्था लिं.ले २०७३ साल मंसिर २५ गते संयूक्त साधारण सभा पश्चात एकिकरण गरिएपछी अझ संस्थाले समुदायमा सामाजिक र आर्थिक विकासका लक्ष्य वढाउदै काम कार्य गर्दै आइरहेको कुरा यहांहरुलाई अवगत नै छ । यस सेवाकेन्द्रको वर्तमान उप-समिति गठन पश्चात सेवाकेन्द्रबाट पनि कसरी अझ बढि भन्दा बढि प्रभावकारी रुपमा वित्तिय तथा गैरवित्तिय सेवा वढाउन सकिन्छ भन्दै नियमित बैठक वसी सामुहिक निर्णयद्धारा संस्थागत उन्नती र विकासको सदस्य सहयोगका कार्य गदै आइरहेको छ ।

अझै आगामी दिनमा संस्थाले चौतर्फी विकास गरेर समुदायलाई उन्नती र प्रगतिको वाटोमा कसरी लैजाने भन्ने कुरालाई मनन गर्दै आगामी दिनमा अझै प्रभावकारी वनाउने भन्ने कुरालाई जोड दिदै उच्च संस्थागत पूजी विकासको लक्ष्यका साथ निरन्तर अगाडी बढिरहेको छ । संस्थाको विकासको लागी हजुरहरुको सल्लाह र सुझावको अपेक्षा गर्दै यहांहरुले दिनुभएको मायालाई अझै अगाडी वढाउदै लैजाने र यस संस्थाबाट कुनै कमि कमजोरी भएमा सुधार गदै लैजाने प्रतिवद्धता राख्दै सम्पूर्ण शेयर सदस्यहरुज्यू लगायत शुभचिन्तकहरुमा स्वागत गर्दै सेवाकेन्द्र उप-समितिको तर्फबाट हार्दिक हार्दिक आभार व्यक्त गर्दछु ।

जय सहकारी

## आठौं वार्षिक साधारणसभामा प्रस्तुत प्रतिवेदनहरू :

### गत साधारण सभामा संस्थाबाट पुरस्कृत तथा सम्मानित सदस्यहरुको नामावली विवरणः

| सि.न. | शिर्षक | पुरस्कार प्राप्त गर्नेको नाम | ठेगाना | सदस्य नं |
|---|---|---|---|---|
| १ | उत्कृष्ट परिवार | बाल कुमारी घिमिरे | गैडाकोट -४ | ५७ |
| २ | उत्कृष्ट मासिक बचतकर्ता | दिल कुमारी अधिकारी | गैडाकोट -४ | ४८२ |
| ३ | उत्कृष्ट दैनिक बचतकर्ता | दिल नारायाण श्रेष्ठ | गैडाकोट -४ | ११९५ |
| ४ | उत्कृष्ट ऐच्छिक बचतकर्ता | उमानाथ घिमिरे | गैडाकोट -४ | ४५५ |
| ५ | उत्कृष्ट बाल बचतकर्ता | काभ्या पौडेल | गैडाकोट -४ | १९६८ |
| ६ | उत्कृष्ट कोपिला बचतकर्ता | श्रद्दा आचार्य | गैडाकोट -४ | ३५१९ |
| ७ | उत्कृष्ट ज्येष्ठ नागरिक बचतकर्ता | मायानाथ ढुंगाना | गैडाकोट -४ | २७७२ |
| ८ | उत्कृष्ट रेमिटान्स बचतकर्ता | ऋषिराम घिमिरे | गैडाकोट -४ | २७५६ |
| ९ | उत्कृष्ट आवधिक बचतकर्ता | मेनुका पाण्डे घिमिरे | गैडाकोट -४ | २९ |
| १० | | राम चन्द्र न्यौपाने | गैडाकोट -४ | ३०२ |

| नियमित मासिक बचत तर्फ | | | |
|---|---|---|---|
| सि.न. | नाम | ठेगाना | सदस्य नं. |
| ११ | निर्मला तिवारी | गैंडाकोट–४ | ४८७ |
| १२ | दण्डपानी न्यौपाने | गैंडाकोट–४ | ४८ |
| १३ | जानुका खनाल | गैंडाकोट–४ | ५३९ |
| १४ | धन कुमारी सिग्देल | गैंडाकोट–४ | ३८५ |
| १५ | पार्बती नेपाल | गैंडाकोट–४ | २३९२ |
| १६ | उमा थापा | गैंडाकोट–८ | ३६५७ |
| १७ | सितादेवी घिमिरे | गैंडाकोट–४ | ९१ |

| उत्कृष्ट ऋणी सदस्यहरु | | | |
|---|---|---|---|
| सि.न | नाम | ठेगाना | सदस्य नं. |
| १८ | पबित्रा खड्का | गैडाकोट–४ | १०२२ |
| १९ | छबिलाल दाहाल | गैडाकोट–४ | ३४४ |
| २० | भिमा कुमारी ओभा | गैडाकोट–४ | ४९ |
| २१ | केदार नेपाल | गैडाकोट–४ | ४६१ |

| क्र.सं. | शिर्षक | नाम | ठेगाना | सदस्य नं. |
|---|---|---|---|---|
| २२ | जेष्ठ सदस्य बचत | राम प्रसाद ओझा | गैडाकोट–४ | ३०७० |
| २३ | | टेकमाया तिमिल्सिना | गैडाकोट–४ | २२७९ |
| २४ | दैनिक बचत | लक्ष्मी पोखेल | गैडाकोट–४ | २१७४ |
| २५ | | मनिरत्न सापकोटा | गैडाकोट–४ | ९६३ |
| २६ | बाल बचत | बिपस्ना घिमिरे | गैडाकोट–४ | २०७१ |
| २७ | | आदर्श वाग्ले | गैडाकोट–४ | २७०७ |
| २८ | कोपिला | उपमा काफ्ले | गैडाकोट–४ | ३५८५ |
| २९ | | किस्मत सुनार | गैडाकोट–४ | ३३६४ |
| ३० | जेष्ठ सदस्य | माधव प्रसाद भारद्वाज | गैडाकोट–४ | ३२६६ |
| ३१ | रेमिटान्स | सुनसरी गुरुङ | गैडाकोट–४ | ३४१० |
| ३२ | मोवाईल वैंकिग | पुष्कलराज धमला | गैडाकोट–५ | ९०५ |
| ३३ | क्यू.आर.कोड | महेशराज घिमिरे | गैडाकोट–४ | १०३४ |
| ३४ | उत्कृष्ट शेयर सदस्य/सुझाव कर्ता | रामचन्द्र कंडेल | गैडाकोट–५ | ७०११ |
| ३५ | उत्कृष्ट कृषक | यमनाथ तिमिल्सिना | गैडाकोट–४ | २५०५ |
| ३६ | उत्कृष्ट व्यवसायी | सुर्य प्रसाद श्रेष्ठ | गैडाकोट–५ | ६६१ |
| ३७ | उत्कृष्ट एकल महिला उद्यमी | लक्ष्मी देवकोटा | गैडाकोट–४ | ४२२ |
| ३८ | एस.ई.ई. उत्कृष्ट बाल सदस्य | मानवी घिमिरे | गैडाकोट–४ | १७३८ |
| ३९ | कार्यकाल उत्कृष्ट समिति पदाधिकारी | अमृतकान्त पण्डित | गैडाकोट–४ | ५३८ |
| ४० | बर्ष उत्कृष्ट समिति सदस्य | मेनुका घिमिरे | गैडाकोट–४ | २०८ |
| ४१ | कार्यकाल उत्कृष्ट उप- समिति | सुर्य बहादुर खत्री क्षेत्री | गैडाकोट–५ | २६७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४२ | बर्ष उत्कृष्ट उप-समिति | गिता तिवारी | गैडाकोट–४ | ३७६ |
| ४३ | पूर्व अध्यक्ष | संगिता काफले घिमिरे | गैडाकोट–४ | ४ |
| ४४ | कार्यकाल उत्कृष्ट कर्मचारी | चुडामणी पाण्डे | गैडाकोट–५ | १०४२ |
| ४५ | बर्ष उत्कृष्ट कर्मचारी | वेद प्रकाश तिवारी | गैडाकोट–४ | २४२९ |

| | |
|---|---|
| संस्थागत तर्फ | गैंडाकोट खानेपानी (पम्पिग स्कीम),गैडाकोट–४ |
| | चण्डिका मन्दिर ,गैडाकोट–४ |
| | जय श्री सामुदायिक वन, गैडाकोट–४ |

# हार्दिक समवेदना

यस मुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड मा आवद्ध निम्न लिखित शेयर सदस्यहरुको यसै अवधीमा हुन गएको असामयिक निधन प्रति दु:ख प्रकट गर्दै मृतात्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

# मृतक सदस्यहरूको नामावली :

| क.सं | मृतक शेयर सदस्यको नाम | सदस्य नं | ठेगाना |
|---|---|---|---|
| १. | राम प्रसाद ओझा | ३०७० | गैडाकोट–४ |
| २. | हरिकृष्ण रिमाल | २०५ | गैडाकोट–४ |
| ३. | राम बहादुर राईभाट | ८३१ | गैडाकोट–४ |
| ४. | टेक बहादुर गुरुङ्ग | ४६५ | गैडाकोट–४ |
| ५. | तुलसी देवि श्रेष्ठ | ५५६ | गैडाकोट–५ |

# सहकारी संस्था असफल हुनुका कारण

- सदस्यहरुले संस्थाको काममा चासो नराखेमा ।
- पदलोलुप, लालची,हैकमवादी सञ्चालक भएमा ।
- राजनीतिक स्वार्थको सिद्धिका लागि संस्थालाई प्रयोग गरेमा ।
- निष्कृय, गैर जिम्मेवार, भ्रष्ट कर्मचारी भएमा ।
- परालम्वी,अर्काको मुख ताक्ने र अरुलाई दोष दिने प्रवृति भएका सञ्चालक तथा सदस्य भएमा ।
- परस्परमा अविश्वास, खिचातानी र हानथाप गरेमा ।
- सहकारीलाई सहकारीताको भावना अनुकुल सञ्चालन नगरेमा ।
- सदस्यहरुको समान उद्देश्यलाई ध्यानमा नराखी निहित वर्गको स्वार्थमा संस्थाको प्रयोग ।

# सदस्य पहिचान फारम भर्ने सम्वन्धि अत्यन्त जरुरी सूचना

नेपाल सरकार सहकारी विभागद्धारा जारी गरिएको सम्पत्ति शुद्धिकरण सम्वन्धि सहकारी सघं/सस्थाहरुलाई जारी गरिएको निदर्शेन–२०७४ अनसुार सस्थामा आवद्ध सम्पर्णू शयेर सदस्यज्यहूरुले सदस्य पहिचान फाराम (KNOW YOUR MEMBER –KYM) भर्न अनिवार्य रहेकाले संस्थाको पायक पर्ने कार्यालयमा पुगी KYM फाराम भर्नुहुन यसै सूचनामार्फत सूचित गर्दछौ । फाराम भर्न छुटेमा यहाँहरुको बचत खाताहरु सदस्य पहिचान फाराम नभर्ने समय सम्मका लागि भुक्तानी लिन नमिल्ने गरि डोरम्याट भई रहनेछन । सदस्य पहिचान फाराम भरि सकेपछि मात्र कारोवारका लागी बचत खाताहरु स्वतः सुचारु हुने समेत यसै सुचना मार्फत जानकारी गराउँदछौं ।

# फारम भर्दा आवश्यक पर्ने कागजातहरु :

- पासपोर्ट साईजको फोटो ३ प्रति
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- कार्यक्षेत्रको बसोवास प्रमाणित हुने अन्य कागजातहरु
- सदस्यता लिने बेलामा अनिवार्य बुझाउनुपर्ने हकवालाको फोटो लगायतका कागजातहरु छुटेका सदस्यहरुले ति कागजात समेत अनिवार्य बुझाउनु हुनको लागी अनुरोध गर्दछौं ।

# उप-समितिहरुको नामावली

| ऋण उप-समिति | |
|---|---|
| संयोजक | श्री मेनुका घिमिरे |
| सदस्य | श्री सुर्य बहादुर खत्री क्षेत्री |
| सदस्य | श्री देवी प्रसाद न्यौपाने |

| धितो मू ल्याङ्कन उप-समिति | |
|---|---|
| संयोजक : | श्री मोतिराम घिमिरे |
| सदस्य | श्री टिकाराम ओझा |
| सदस्य: | श्री बुद्धी सागर अधिकारी |

| महिला स शक्तिकरण उप-समिति | |
|---|---|
| संयोजक | श्री सिता चापागाई |
| सह-संयोजक | श्री संगिता काफ्ले घिमिरे |
| सदस्य | श्री वृन्दा भट्टराई न्यौपाने |
| सदस्य | श्री शोभा सुवेदी घिमिरे |
| सदस्य | श्री राम कुमारी रिमाल |
| सदस्य | श्री मञ्जु रेग्मी |
| सदस्य | श्री पूर्णमाया भुजेल |
| सदस्य | श्री सावित्री सिंह ठकुरी |
| सदस्य | श्री गंगा दवाडी |

| शिक्षा उप-समिति | |
|---|---|
| संयोजक | श्री हरी प्रसाद गौतम |
| सदस्य | श्री संगिता घिमिरे पण्डित |
| सदस्य | श्री दिवस आचार्य |

| खरिद उप-समिति | |
|---|---|
| संयोजक | श्री शक्ति प्रसाद नेपालं |
| सदस्य | श्री देवी प्रसाद न्यौपाने |
| सदस्य | श्री कल्पना न्यौपाने |

| लक्ष्य निर्धारण तथा उपलब्धि मूल्याङ्कन उप-समिति | |
|---|---|
| संयोजक | श्री रविन्द्रराज घिमिरे |
| सदस्य | श्री शान्ता पाण्डे काप्री |
| सदस्य | श्री अमृतकान्त पण्डित |

| सेवा केन्द्र सञ्चालन उप-समिति | |
|---|---|
| संयोजक | श्री नारायण घिमिरे |
| सह- संयोजक | श्री लक्ष्मण काप्री |
| सदस्य | श्री अस्मिता घिमिरे |
| सदस्य | श्री जिवनाथ ढकाल |
| सदस्य | श्री कल्पना ओझा |
| सदस्य | श्री सेवा देवी कार्की |
| सदस्य | श्री शिव कंडेल |
| सदस्य | श्री नारायण अधिकारी |
| सदस्य | श्री पदम वहादुर रानाभाट |

| यूवा परिचालन उप-समिति | |
|---|---|
| संयोजक | श्री सुर्य बहादुर खत्री क्षेत्री |
| सह-संयोजक | श्री ईन्द्रकला घिमिरे |
| सदस्य | श्री केशव आचार्य |
| सदस्य | श्री कुसुम सुवेदी |
| सदस्य | श्री चुडामणी पाण्डे |

| स्वास्थ्य उप-समिति | |
|---|---|
| संयोजक | श्री टुकराम सुवेदी |
| सदस्य | श्री हरी पौडेल |
| सदस्य | श्री अनिता पौडेल घिमिरे |
| सदस्य | श्री कृष्ण खरेल |
| सदस्य | श्री तारा शर्मा |

| साधारण सभा तयारी उप-समिति | |
|---|---|
| संयोजक | श्री शान्ता पाण्डे |
| सदस्य | श्री एकदेव घिमिरे |
| सदस्य | श्री गीता तिवारी |
| सदस्य | श्री नारायण घिमिरे |
| सदस्य | श्री कल्पना न्यौपाने |

| सामाजिक सुरक्षा उप-समिति | |
|---|---|
| संयोजक | श्री गीता तिवारी |
| सह-संयोजक | श्री मेनुका घिमिरे |
| सदस्य | श्री कल्पना न्यौपाने |
| सदस्य | श्री रेनुका पण्डित न्यौपाने |
| सदस्य | श्री सीतादेवी घिमिरे |
| सदस्य | श्री मिरा घिमिरे |
| सदस्य | श्री धन कुमारी सिग्देल |
| सदस्य | श्री पार्वती काप्री |
| सदस्य | श्री गीता सुवेदी |
| नीति तथा कार्यविधि निर्माण उप-समिति | |
| संयोजक | श्री एकदेव घिमिरे |
| सदस्य | श्री शान्ता पाण्डे |
| सदस्य | श्री शक्ति प्रसाद नेपाल |
| सदस्य | श्री रविन्द्रराज घिमिरे |
| सदस्य | श्री संगिता घिमिरे |
| सदस्य | श्री मेनुका घिमिरे |
| सदस्य | श्री हरि प्रसाद गौतम |
| सदस्य | श्री सूर्य बहादुर खत्री क्षेत्री |
| सदस्य | श्री देवी प्रसाद न्यौपाने |
| जेष्ठ नागरिक उप-समिति | |
| संयोजक | शान्त पाण्डे काप्री |
| सदस्य | श्री ईश्वरी प्रसाद घिमिरे |
| सदस्य | श्री वविता तिवारी |
| सदस्य | श्री शिवकला काप्री |
| सदस्य | श्री सीता पाठक घिमिरे |
| क्यालेण्डर प्रकाशन | |
| संयोजक | श्री देवी प्रसाद न्यौपाने |
| सदस्य | श्री कल्पना न्यौपाने |
| सदस्य | श्री सुवास आचार्य |

| व्याजदर अध्ययन तथा निर्धारण उप-समिति | |
|---|---|
| संयोजक | श्री अमृतकान्त पण्डित |
| सदस्य | श्री शक्ति प्रसाद नेपाल |
| सदस्य | श्री चुडामणी पाण्डे |
| पदपूर्ति उप-समिति | |
| संयोजक | श्री शान्ता पाण्डे काप्री |
| सदस्य | श्री टिका बहादुर क्षेत्री |
| सदस्य | श्री चुडामणी पाण्डे |
| निर्माण उप-समिति | |
| संयोजक | श्री कल्पना न्यौपाने |
| सदस्य | श्री शक्ति प्रसाद नेपाल |
| सदस्य | श्री गीता तिवारी |
| सदस्य | श्री नारायण घिमिरे |
| सदस्य | श्री देवी प्रसाद न्यौपाने |
| विपद व्यवस्थापन तथा सेवा संचालन उप-समिति | |
| संयोजक | श्री मिलनराज घिमिरे |
| सदस्य | श्री शान्ता पाण्डे काप्री |
| सदस्य | श्री अमृतकान्त पण्डित |
| सदस्य | श्री शक्ति प्रसाद नेपाल |
| सदस्य | श्री रविन्द्रराज घिमिरे |
| सूचना तथा संचार उप-समिति | |
| संयोजक | श्री शान्ता पाण्डे |
| सदस्य | श्री एकदेव घिमिरे |
| सदस्य | श्री चुडामणी पाण्डे |
| वित्त व्यवस्थापन उप-समिति | |
| संयोजक | श्री मिलनराज घिमिरे |
| सदस्य | श्री सीता चापागाई |
| सदस्य | श्री शान्ता पाण्डे |
| सदस्य | श्री अमृतकान्त पण्डित |
| सदस्य | श्री रविन्द्रराज घिमिरे |

fonepay

# QR Stand

फोन पे क्युआर स्ट्याण्डको लागि
आफुलाई पायक पर्ने नजिकको
कार्यालयमा सम्पर्क राख्नुहोला

## सल्लाहकारहरु:

श्री डिल्लीराज घिमिरे

श्री ईश्वरीनाथ रिमाल

श्री टोलनाथ घिमिरे

श्री कृष्ण प्रसाद न्यौपाने

श्री तेज प्रसाद घिमिरे

श्री कमला तिवारी

श्री युवराज रिमाल

श्री दिनेशराज न्यौपाने

श्री कृष्ण प्रसाद पराजुली

## संस्थामा हाल कार्यरत कर्मचारीहरु

चुडामणी पाण्डे
प्रमुख कार्यकारी अधिकृत

सुवास आचार्य
लेखा प्रमुख

वेद प्रकाश तिवारी
ऋण प्रमुख

सावित्रा पोखेल देवकोटा
सेवाकेन्द्र प्रमुख

गिता सुवेदी
क्यासियर

स्मृती खड्का
बचत संकलक

सिर्जना पराजुली
बचत संकलक

शुशीला पौडेल क्षेत्री
कार्यालय सहयोगी

# मुना स्मार्ट मोबाईल बैकिङ्ग सुविधा




मुना
MUNA

**MUNA** Mobile Banking
Available on play sotre

For more information contact
078-501376, 502384, 9855011987

## सजिलो पनि, सुरक्षित पनि ।

- Mobile Topup & Recharge
- TV Payment
- Utility Payment
- Internet Bill Payment
- Bank Fund Transfer
- Book Domestic Flights
- Load Wallet
- Insurance Payment
- School Payment
- QR Code Payment

### विप्रेषण सेवाहरु

himal remit हिमालरेमिट सम्पन्न पार्दैछ जिन्दगी
IME International Money Express
MoneyGram Money Transfer
SAMSARA MONEY TRANSFER
Global Remit ग्लोबल रेमिट
GME REMITTANCE
City Express Money Transfer
Xpress Money Global Money Transfer
Sunrise Remittance
Prithivi Remit
Everest Remit एभरेष्ट रेमिट
Prabhu Money Transfer
Western Union Money Transfer
NepalRemit International Pvt Ltd
सेन्चुरी रेमिट

रिचार्ज सुविधा
NEA BILL PAYMENT
NT ADSL
DishHome

हिमाल हेर्नें रहर IME Pay बाट सरर
IME pay
SIMTV अब हर घर डिजिटल
Ncell
WORLDLINK
Nepal Telecom